# मेरो बाँसगढी

स्थानीय पाठ्यक्रम (६-८)

२०७९

बाँसगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**पुस्तक** : स्थानीय पाठ्यक्रम "**मेरो बाँसगढी**" (कक्षा ६-८)

**प्रकाशक** : बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया

**प्रमुख संरक्षक** :
नगर प्रमुख : श्री खड्क बहादुर खड्का

**संरक्षक** :
नगर उपप्रमुख : श्री इन्दिरा चौधरी

**पाठ्यक्रम निर्माण समिति** :
संयोजक : श्री ज्ञानेन्द्र पौडेल
सदस्य : श्री महानन्द ढकाल
सदस्य : श्री गौरी सापकोटा सुवेदी
सदस्य : श्री मोतिप्रसाद शर्मा
सदस्य : श्री हरिराम थारु
सदस्य : श्री जीतबहादुर रोकाय

**सल्लाहकार** : प्रमुख प्रशासकीय अधिकृत : श्री कमल प्रसाद पौडेल

**समन्वय,सयोजन तथा व्यवस्थापन:** शिक्षा अधिकृत श्री छत्र बहादुर शाही

**सर्वाधिकार : प्रकाशकमा निहित**

**मुद्रण : ५०० प्रति**

**प्रथम संस्करण** : वि.सं. २०७९

बाँसगढी नगरपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग हुबहु वा परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाई

देशको संविधानले नै शिक्षा सम्बन्धी हकलाई मौलिक अधिकारको रुपमा स्थापना गरी विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको मातहतमा राखेको छ । सिकारुहरुलाई उनीहरुको परिवेशसँग सम्बद्ध गराउन र स्थानीय आवश्यकता अनुसारको ज्ञान सहितको शिक्षा प्रदान गर्नु वर्तमान समयको माग हो । सामाजिक र साँस्कृतिका धारमा रही समतामुलक समाज निमार्णका लागि सिकारुहरुलाई अहिलेको समाज, संस्कार, संस्कृति, भाषा, कला, भूगोल र प्राकृतिक सम्पदासँग समायोजित गरी सभ्य र असल नागरिक तयार गर्नका लागि पनि स्थानीय आवश्यकता अनुसारको ज्ञान दिनु आजको आवश्यकता हो ।

आधारभूत तहमा एउटा विषयको रुपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम निमार्ण गरी अध्ययन गर्नु पर्ने कुरालाई राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले व्यवस्था गरेको छ । तीन तहका सरकार मध्ये स्थानीय सरकारले समग्र नीति तयार गर्ने र प्रदेशले सो को क्षमता विकास तथा स्थानीय सरकारले संघीय तथा प्रदेश तथा सरकारको नीति नियममा आधारित रही स्थानीय नीति निमार्ण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ ।

मेरो बाँसगढी नामक स्थानीय पाठ्यक्रम निमार्ण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्धारण गरेका मापदण्ड र आवश्यक निर्माणका लागि बाँसगढी नगरपालिकाको मिति २०७९।०८।१७ को बैठकबाट ७ सदस्यीय स्थानीय पाठ्यक्रम समितिको गठन गरे पश्चात स्थानीय पाठ्यक्रमको निर्माण गर्न गरिएको थियो । शैक्षिक सत्र २०७८ सालबाट कक्षा १-५ को स्थानीय तहको पाठ्यक्रम बनाई नगरपालिकामा लागू भइसकेको र शैक्षिक सत्र २०८० सालबाट काक्षा ६-८ स्थानीय पाठ्यक्रम लागू गर्ने योजना अनुसार यो पाठ्यक्रम निर्माण गरिएको हो । बाँसगढी नगरपालिकाको विविध पक्षको बारेमा विद्यार्थीहरुमा ज्ञान, सीप, अभिवृद्धि तथा मूल्याङ्कन र कार्यान्वयन गर्न सक्ने बानीको विकास गरी उनीहरुमा आफ्नो नगरपालिका प्रति सद्भाव, प्रेम र सकारात्मक भावनाको विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस पाठ्यक्रम निर्माणको क्रममा सकारात्मक र रचनात्मक राय सुझाव प्रदान गर्नु हुने बाँसगढी नगरपालिकाका नगर प्रमुख खडक बहादुर खड्का ज्यु एवम् अन्य जनप्रतिनिधिहरु र रचनात्मक सहयोग गर्ने संस्था गेरुवा गामीण संघ बर्दिया (टिडिएच फाउण्डेसन र स्वीस वाटर तथा सेनिटेसन कर्न्सोर्टीयमको सहयोगमा सन्चालित प्रयास परियोजना अन्तर्गत) लगायत सरोकारवाला सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । छोटो समयको प्रयासमा बनेको स्थानीय पाठ्यक्रममा सबै पक्ष समेट्न नसकिने हुँदा आगामी दिनहरुमा थप सुधार र परिष्कृत गर्न यहाँहरुको सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्दछौं ।

स्थानीय पाठ्क्रम निमार्ण समिति

# नगर प्रमुखको भनाइ

शिक्षा मानिसलाई बाटो देखाउने एउटा मार्ग हो,सत्मार्गको आधार हो, सभ्यताको जननी हो । शिक्षाले मानव जीवनलाई सहज र सरल बनाउन मुख्य भूमिका खेलेको हुन्छ । मानवले प्राकृतिक रुपमा प्राप्त गरेको ज्ञानले मनोकाङ्क्षा पूरा गर्न नसकेका परिस्थितिलाई शिक्षाले जीवनको उच्च विन्दुको लक्ष्य प्राप्तिमा सहज बनाँउछ । मानव जातिलाई समयानुकूल परिवर्तन हुने तथा अद्‌भूत कार्य गर्न सक्षम बनाउँने ज्योति दिने भएकाले शिक्षालाई त्रिनेत्रका रुपमा लिइन्छ ।

नेपालमा शिक्षाको सुरुवात सक्रमणकालीन अवस्थाबाट प्रारम्भ भएको मानिन्छ । थुप्रै कालखण्ड पार गर्दै विश्व परिवेशमा छाएको शिक्षाको स्वरुप क्रमशःप्रवेश गर्ने मार्ग बनिरहेको पाइन्छ । विगतदेखि शिक्षाको संरचना तथा पाठ्‌यक्रममा परिवर्तन हुदै आएको छ । वर्तमान शिक्षा परिवेश सुहाउंदो, माटो सुहाउँदो र आत्म निर्भर बनाउनुपर्ने मोडमा आएको छ । यही परिस्थतिको आँकलन गरी राष्ट्रिय स्तरमा निर्माण भएको पाठ्‌यक्रमले सबै क्षेत्रको प्रतिनिधित्व गर्न नसक्ने विज्ञहरुको निष्कर्ष बमोजिम नेपाल सरकारले स्थान विशेष विषयवस्तुलाई पनि शिक्षणको विषयक्षेत्र बनाउनुपर्ने ध्येयका साथ मातृभाषा शिक्षण गर्ने , मातृभाषाका माध्यमबाट शिक्षण गर्ने तथा स्थानीय स्तरको विषयवस्तु समेटी १०० पूर्णाङ्कको पाठ्‌यक्रम निर्माण गर्नुपर्ने नीति रा.शि.प.यो २०२८ मा सामान्य रुपमा आएकोमा शिक्षा योजना आयोग २०४९ ले परिभाषामा यसलाई समेटेको देखिन्छ ।

राष्ट्रिय पाठ्‌यक्रम प्रारुप २०६३ ले स्थानीय पाठ्‌यक्रमलाई नीतिगत व्यवस्था गरी शिक्षण अभ्यासमा प्रारम्भ भएपनि ऐ.अंग्रेजी, कम्प्युटर आदि जस्ता विषयवस्तु समेटिएका पाठ्‌यपुस्तक प्रचलनमा ल्याउने कार्य व्याप्त हुदै आयो । यही कुरालाई दृष्टिगत गरी संघीय प्रणाली बमोजिम वि.स. २०७४ मा निर्माण भएको स्थानीय सरकारबाट अन्य धेरै जिम्मेवारी भएपनि नेपालको संविधानमा २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक तह सम्मको शिक्षा हेर्ने अधिकार स्थानीय सरकारलाई दिएको एकल अधिकार बमोजिम बाँसगढी नगरपालिका अन्तर्गत संचालित ४० सामुदायिक र १६ संस्थागत विद्यालयमा कक्षा १-५ मा सम्म शै.स. २०७८ देखि लागू भएकोमा र कक्षा ६-८ मा शै.स. २०८० देखि लागू गर्ने गरी स्थानीय पाठ्‌यक्रम प्रारुप २०७६ तथा स्थानीय पाठ्‌यक्रम विकास तथा कार्यन्वयन मार्ग दर्शन २०७६ मा आधारित भइ १०० पूर्णाङ्कको स्थानीय पाठ्‌यक्रम निर्माण गरिएको छ । यस पाठ्‌यक्रमले विद्यार्थीहरुमा नैतिकता, सदाचार, अपनत्व भावजस्ता गुण पैदा गर्नुका साथै भाषा, साहित्य, कला, सँगीत र संस्कृतिप्रति सचेत रही वातावरण, पर्यटन, स्वास्थ्य तथा खेलकुद एवम् पेशा व्यावसाय र प्रविधि मार्फत यस नगरको समग्र वस्तुस्थितिको जानकारी दिने अपेक्षा गरेको छु । बाँसगढी नगरपालिकामा रहेका समग्र विषयवस्तुहरु समेटी तयार पारिएको स्थानीय पाठ्‌यक्रम “**मेरो बाँसगढी (कक्षा ६–८)**” यस क्षेत्रको पहिचान गर्न

सकिने आधारका रुपमा रहेको ठानेको छु ।

"**मेरो बाँसगढी (कक्षा ६–८)**" नामक स्थानीय पाठ्यक्रम व्यावहारिक, प्रयोगात्मक तथा विद्यार्थी लक्षित गरी शिक्षण गर्ने कार्यमा बढीभन्दा बढी विषयवस्तु खोज गरी शिक्षण गर्न शिक्षक वर्गमा अनुरोध गर्दछु । अन्त्यमा बाँसगढी नगरको पहिचान झल्किने "मेरो बाँसगढी (कक्षा ६–८)" नामक स्थानीय पाठ्यक्रम निर्माण कार्यमा अहोरात्र खटिनु हुने स्थानीय पाठ्यक्रम निर्माण समिति, शिक्षा,युवा तथा खेलकुद शाखा, जनप्रतिनिधी , बुद्धिजीवी , सङ्घसंस्था, संचारकर्मी, रचनात्मक तथा आर्थिक सहयोग गर्ने संस्था गेरुवा गामीण संघ बर्दिया लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

खडक बहादुर खड्का
नगर प्रमुख
बाँसगढी नगरपालिका

## बिषय सुची

| | |
|---|---|
| पृष्ठभूमि | १ |
| विषय प्रवेश | २ |
| पाठ्यक्रमको आवश्यकता र क्षेत्र | ३ |
| तहगत सक्षमता | ४ |
| पाठ्यभार निर्धारण | ५ |
| कक्षागत सक्षमता | ६ |
| सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ४८ |
| सिकाइ सहजीकरण विधी तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने बुँदाहरू | ५१ |
| मूल्याङ्कन प्रणाली | ५२ |
| स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मनन गर्नुपर्ने पक्षहरू | ५६ |
| अनुसूची १ | ५८ |
| अनुसूची २ | ७० |
| अनुसूची ३ | ७९ |
| अनुसूची ४ | ८० |
| अनुसूची ५ | ८१ |
| सन्दर्भ सामग्री | |

# पृष्ठभूमि

नेपाल एक बहुभाषिक बहुसाँस्कृतिक बहुजातीय, विशेषता भएको देश हो । यहाँ विभिन्न जातजाति र भाषाभाषिका मानिसहरु बसोवास गर्छन् । यस मुलुकमा फरक धर्म, संस्कृति, परम्परा बोकेका मानिसहरु एउटै समुदायमा बसोबास गरी धार्मिक र साँस्कृतिक एकता कायम गरेको पाइन्छ तर भौगोलिक विविधतासँगै अवसर र सुविधाहरु फरक फरक रहेका छन् । समाज रुपान्तरणसँगै फरक वर्ग, जाति र समुदायका मानिसहरुको बसोबास भएको समाजमा विभिन्न कुराहरुमा असमानता देखिनु अस्वभाविक होइन । समाज रुपान्तरणसँगै विभिन्न बर्ग, जाति र समुदायका मानिसहरुले आफ्नो अस्तित्वका निम्ति विभिन्न मुद्दाहरुमा आफ्नो मत राख्दै आएता पनि समान रुपमा अधिकार प्राप्ति हुन सकिरहेको छैन । राष्ट्रिय स्तरको पाठ्यक्रमले स्थानीय परिवेश, वातवरण, रहनसहन, रीतिरिवाज र परम्परालाई समेटेर लैजान नसकेको अवस्थामा स्थानीय आवश्यकता र अवसरका सम्भवनाहरुलाई उचित तरिकाले सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगमा जोड दिइएको छ । स्थानीय आवश्यकता र चाहना अनुसार पाठ्यक्रम सबै ठाउँमा एकै प्रकारको हुन नसक्नु स्वाभाविक हो । स्थानीय स्रोत साधन तथा सम्भावनाहरुलाई समय र परिस्थिति अनुसार अध्ययन, प्रयोग र व्यवस्थित गर्दै जानुपर्ने हुन्छ । तसर्थ स्थानीय जनसमुदायको भावनासँगै त्यहाँको हावा, पानी, माटो, परम्परा, कला, संस्कृति अनुसारको शिक्षा बालबालिकाले प्राप्त गर्न पाउनु तथा स्थानीय स्तरमा सञ्चालन र प्रयोग हुँदै आएको सीप र प्रविधिलाई पाठ्यक्रममा समेट्दै समय सापेक्ष शिक्षा दिन सक्नु पनि आजको आवश्यकता हो । कुनै पनि समाज विकासको मेरुदण्ड व्यवहारिक र वैज्ञानिक शिक्षा हो भन्ने मान्यता विभिन्न दर्शनहरुले पनि पुष्टि गरिसकेका छन् । कुनै पनि देशको विकासको निम्ति त्यस देशको शिक्षा प्रणाली ब्यावहारिक र गुणस्तरीय हुनु पर्दछ । साथै समाजलाई सभ्य र उन्नतशील बनाउँदै नयाँ ढङ्गले परिवर्तन गर्न सोही अनुसारको स्थानीय पाठ्यक्रम बन्नु पर्दछ । व्यावहारिक शिक्षाले समाजमा आपसी सद्भाव र मेलमिलापको सँस्कृति विकास गर्दै देश विकासमा महत्तपूर्ण भूमिका निर्वाह गर्दछ । जसका लागि समाजमा रहेका हरेक पाटा र बाटाहरुलाई समेटदै अगाडि बढनुपर्ने हुन्छ । योजनाबद्ध ढङ्गले शिक्षा प्रणालीलाई विकास गर्दै जाने क्रममा पाठ्यक्रम पाठ्यपुस्तक र तत् सम्बन्धी विभिन्न क्रियाकलापहरु कार्यान्वयनमा ल्याउन सकियो भने शिक्षाका उद्देश्यहरु पूरा हुन सक्छन् ।

शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि व्यावहारिक पाठ्यक्रम निर्माण गरी प्रभावकारी ढङगले कार्यान्वयन गरिनु पर्दछ । स्थानीय पाठ्यक्रमले स्थानीय समुदाय र क्रियाकलाप, समुदायको माग, बालबालिकाको इच्छा, रुचि, चाहना र क्षमतालाई सम्बोधन गर्दै, अभिभावकको मनोभावनालाई समेत समेटन सकिने हुँदा सोही अनुसार स्थानीय पाठ्यक्रम बन्नु पर्दछ । नेपालको संविधान २०७२ को धारा ३१ अनुसार प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा लिन पाउने ब्यवस्था गरेको छ भने, माध्यमिक तहसम्मको

शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको परिप्रेक्ष्यमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न पाउनु खुसीको कुरा हो । बाँसगढी नगरपालिकाले पनि बाँसगढीको पहिचानसँगै पहिलो चरणमा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि कार्यान्वयमा ल्याइएको र आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम भित्र रही बजेट स्वीकृत भएसँगै सहयोगी संस्थासँग समन्वय गरी २०८० देखि कक्षा ६- ८ स्थानीय पाठ्क्रम लागू गर्न समिति गठन गरी सरोकारवाला सबैको सहयोग र सुझाव सहित यो पाठ्यक्रम निर्माण गरिएको छ ।

**विषय प्रवेश**

पाठ्यक्रम भनेको शिक्षण सिकाई क्रियाकलापलाई निर्देशित गर्ने मुख्य अङ्ग हो । समग्र शिक्षण सिकाइलाई मार्गदर्शन गर्ने महत्वपूर्ण योजना पनि हो । विद्यालय हाताभित्र होस वा विद्यालय हाताबाहिर बालबालिकामा सिकाइ उपलब्धि हासिल गर्न बनाईएको व्यवस्थित शैक्षिक कार्यक्रम हो पाठयक्रम । पाठ्यक्रमले विद्यार्थीको रुचि र भावना अनुसार प्रत्यक्ष रुपमा विभिन्न क्रियाकलापमा संलग्न गराएर ज्ञान हासिल गराउने उद्देश्य राखेको हुन्छ । यसले अभिभावकको आवश्यकता र मनोभावना,  विद्यार्थीको रुचि र क्षमतामा आधारित भएर बिषय बस्तुको ज्ञान दिइन्छ ।

स्थानीय परिवेशसँगै स्थानीय स्तरमा भएका स्रोत र साधनलाई आधार बनाई उक्त स्रोत साधनको प्रयोग र बिकासमा स्थानीय जनसहभागिता र सरोकारवालाहरुको संलग्नतामा तयार गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यो पाठ्यक्रमले स्थानीय भूगोल र जनसङ्ख्यालाई समेट्दै स्थानीय मूल्यमान्यताको आत्मसात गर्दछ । स्थानीय कला, साहित्य, सँगीत र संस्कृति, भाषा धर्म, जातजातिको सम्मान गर्दै त्यस्ता बिषय बस्तुको संरक्षण र सम्बर्द्धन गर्छ । यसले स्थानीय धार्मिक तथा पर्यटकीय सम्पदाको पहिचान गरी यस्ता सम्पदाको विकास र संरक्षणमा जोड दिन्छ । स्थानीय पेशा, व्यावसाय र प्रविधिलाई समय सापेक्ष रुपमा परिवर्तन र प्रयोग गर्दै लैजान्छ । स्थानीय जीवजन्तु, वनस्पति र जडिबुटीको पहिचान गरी वातावरण सन्तुलित राख्न जोड दिन्छ । यसले स्थानीय सङ्घ संस्थाबाट प्रदान गरीने सेवाको जानकारीसँगै जनप्रतिनिधिलाई स्थानीय समुदायमा निकट सम्बन्धलाई जोड्न सहयोग गर्दछ । स्थानीय स्तरमा भएको नमूनाको प्रचार प्रसार गरी पर्यटकीय हिसाबले प्रर्बद्धन र विकासमा जोड दिन्छ । यसले स्थानीय स्तरमा घटन सक्ने बिभिन्न बिपत्तिबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने कुरा सिकाउँछ अर्थात् राष्ट्रिय स्तरको पाठ्यक्रमले समेटन नसकेको स्थानीय स्तरको आवश्यकतालाई समेटने प्रयास गर्दछ । तसर्थ शिक्षा क्षेत्रको समुचित बिकासको निम्ति रुचि क्षमता आवश्यकता र विशेषज्ञतालाई समेटेर स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ ।

बाँसगढी नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रको विषयवस्तु र परिवेशलाई यस पाठ्यक्रममा समेटने जमर्को गरेको छ । स्थानीय पाठ्यक्रम शैक्षिक बिकेन्द्रीकरणको एउटा ज्वलन्त नमूना पनि हो । पाठ्यक्रम कार्यान्वयन गर्ने पक्षको संलग्नता र सहभागितामा बिकास हुनुपर्छ भन्ने मान्यतालाई बाँसगढी नगरपालिकाले आत्मसात गरेको छ ।

पाठ्यक्रम कार्यान्वयन लागू गर्ने तल्लो निकाय विद्यालय हो भने कार्यान्वयन गर्ने जिम्मेवार व्यक्ति शिक्षक हो । तसर्थ विद्यालयका शिक्षक र विद्यार्थीहरुको सहभागितामा दार्शनिक, संबैधानिक, कानुनी, मनोबैज्ञानिक सामाजिक, सांस्कृतिक आदि पक्षलाई समेटेर राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय अभ्याससँगै पाठ्यक्रम निर्माण हुनुपर्ने पहिलो सर्त हो ।

नेपालको संविधान २०७२, शिक्षा ऐन, शिक्षा नियमावली, राष्ट्रिय पाठ्क्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि स्थानीय पाठ्यक्रमलाई महत्व दिएको पाइन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेशा र क्षेत्रमा संलग्न ब्यक्तिहरु, सामाजिक सङ्घ संस्थाका प्रतिनिधि, जन प्रतिनिधि, शिक्षक, सरकारी तथा गैर सरकारी संस्था सबैको सहयोग लिएर स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने हुँदा सबैको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तसर्थ स्थानीय पाठ्यक्रम र नीति निर्माणका क्रममा स्थानीय सरोकारवालाहरुको सहभागिता हुने वातावरण तयार गरी प्राप्त हुने उपलब्धिलाई उनीहरुको सफलताको रुपमा लिने ब्यवस्था गरी बिकेन्द्रीकरणको सैद्धान्तिक पक्षमा जोड दिदै पाठ्यक्रम निर्माण गर्नु आजको आवश्यकता हो । स्थानीय स्तरमा रहेका बिषय बस्तुहरु जस्तै मठ, मन्दिर, मस्जिद गुम्बा, चर्च, सामाजिक सांस्कृति सम्पदा, मूल्यमान्यता, रीतिरिवाज साथै स्थानीय हावापानी माटो, बनजङ्गल आदिका बारेमा बिद्यार्थीहरुलाई जानकारी गराई अपनत्वको भावना जागृत गराउँदै आफूनो जन्मस्थान र समुदायको लागि केही गरौँ भन्ने भावना उत्प्रेरित गर्नका लागि स्थानीय पाठ्यक्रम अस्तित्वमा आएको हो । विद्यार्थीहरुलाई आफूनो समुदायको प्रचलित पेशा व्यवसाय प्रति आकर्षित गराई समाजमा रहेका गतिबिधिको बारेमा जानकारी गराउनु पर्ने हुन्छ । स्थानीय आवश्यकताको पहिचान गर्दै स्थानीय स्तरको बिषयबस्तुलाई समेटेर स्थानीय स्तरको सरोकारवाला र विज्ञसहितको संलग्नतामा पाठ्यक्रम लेखन र निर्माण गर्ने काम एउटा जटिल र प्राविधिक प्रक्रिया भएको हुँदा स्थानीय पाठ्यक्रम निर्माणमा बिज्ञहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**पाठ्यक्रमको आवश्यकता र क्षेत्र**

बाँसगढी नगरपालिका क्षेत्र भित्र अध्ययन गर्ने कक्षा ६-८ का बालबालिकाले बाँसगढी नगरपालिकाको भूगोल र जनसङ्ख्याको बारेमा जानकारी हासिल गर्दै आफ्नो सेरोफेरोमा रहेका बिभिन्न सामाजिक, स्थानीय कला, साहित्य र सँगीत, संस्कृति, भौगोलिक, आर्थिक, जातीय, भाषिक परिबेशको जानकारी पाउन, यहाँको कला संस्कृति रहनसहन, भेषभुषादेखि लिएर स्थानीय पेसा व्याबसाय, प्रबिधि, ज्ञान, सीप आदिका बारेमा जानकार हुन, आफ्नो समुदायमा प्रचलनमा रहेको मूल्यमान्यता, धर्म, संस्कारका असल अभ्यासहरुको अनुसरण गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको पहिचान गरी त्यस्ता स्रोत र साधनको प्रयोगमा क्रियाशील रहदै स्वस्थ जीवन जिउन खेलकद तथा योगको महत्व बुझ्दै स्थानीय समुदायमा आउन सक्ने विभिन्न किसिमका बिपदहरुबाट सुरक्षित रहन, साथै आफ्नो क्षेत्र भित्रका धार्मिक र पर्यटकीय स्थलको संरक्षण र

सम्बर्द्धन गर्न क्रियाशील रहन सकुन भन्ने अपेक्षाका साथ निर्माण गरिएको मेरो बाँसगढी भन्ने स्थानीय पाठ्यक्रमले समग्र बाँसगढीको जानकारी गराउने छ । यस पाठ्यक्रममा निम्नलिखित क्षेत्रहरू समेटिएका छन :

१. स्थानीय मूल्यमान्यता, भूगोल र जनसङ्ख्या
२. स्थानीय पेसा, व्यवसाय, सीप र प्रविधि
३. स्थानीय कला, साहित्य र सँगीत
४. धार्मिक तथा पर्यटकीय सम्पदा
५. स्थानीय जातजाति, भाषा र धर्म संस्कृति
६. स्वास्थ्य, योग र खेलकुद
७. स्थानीय वन्यजन्तु, बनस्पति र जडिबुटी
८. स्थानीय सङ्घ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह
९. जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन

**आधारभुत तह ( कक्षा ६–८) को तहगत सक्षमताहरूः**

यस तहको अन्त्यमा विद्यार्थीहरुले निम्न लिखित सक्षमता प्राप्त गर्ने छन्ः

१. बर्दिया जिल्ला र बाँसगढी नगरपालिकाको सामाजिक मूल्यमान्यता, वातावरण र भौगोलिक परिवेशबारे परिचित हुन,
२. सवै पक्षको विविधताको पहिचान, सम्मान र सम्वर्दन गर्न,
३. बाँसगढी नगरपालिका लगायत बर्दिया जिल्लाका स्थानीय पेसा, जिविकोपार्जन र व्यवसायका आयामहरु पहिचान गरी उपयुक्त पेसा छानी जीविको पार्जनका लागि मानसिक तयारी हुन,
४. बर्दिया जिल्लाका प्रमुख जातजाति र भाषाभाषीबारे परिचित भई पारस्पारिक सम्बन्धको विकास गर्न,
५. स्थानीय चाडपर्वहरुमा रम्न र यिनका विषेशताहरुसँग परिचित हुन,
६. बाँसगढी लगायतका ठाँउहरु अर्न्तगतका सम्पदाको पहिचान गरी तिनको आवश्यकता र महत्वबारे स्पष्ट हुन र सो को संरक्षणमा आफ्नो योगदान दिन,
७. स्थानीय खाद्यान्नबाट बनाइएका खानेकुराको प्रयोग गर्न तथा जङकफुड (पत्रु खाना) प्रयोग गर्दा स्वास्थ्यमा पर्ने असरहरुको बारेमा जानकारी लिन,
८. स्थानीय उत्पादनमा जोड दिन र त्यसको आयआर्जनलाई स्थानीय बजारसँग बजारीकरण गर्ने सोच राख्न,
९. स्थानीय तथा प्रादेशिक संरचनाको ज्ञान हाँसिल गर्न र विशिष्ट ब्यक्तिहरुलाई सम्मान र आदर व्यक्त गर्न,
१०. स्थानीय स्तरमा हुने विपद तथा प्रकोपबारे जानकार हुन र सो को व्यवस्थापनमा जागरुक हुन,

११. सुरक्षित घर, सफा तथा हरियाली विद्यालय बनाउन र सभ्य समुदाय निमार्णमा योगदान पुऱ्याउन,

**पाठ्यभार निर्धारण** (**कक्षा** ६-८)

| क्र. स. | क्षेत्र | कक्षा | का. घ. | कक्षा | का. घ. | कक्षा | का.घ. |
|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय मूल्य मान्यता, भुगोल र जनसंख्या | ६ | २० | ७ | २० | ८ | १५ |
| २. | स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | ६ | २० | ७ | २० | ८ | १३ |
| ३. | स्थानीय कला, साहित्य र संगित | ६ | २० | ७ | २० | ८ | २० |
| ४. | धार्मिक तथा पर्यटकीय सम्पदा | ६ | १५ | ७ | १५ | ८ | १५ |
| ५. | स्थानीय जातजाति, भाषा र धर्म संस्कृति | ६ | १३ | ७ | १३ | ८ | २० |
| ६. | स्वास्थ्य ,योग र खेलकुद | ६ | १० | ७ | १० | ८ | १० |
| ७. | स्थानीय वन्यजन्तु, वनस्पति र जडिबुटी | ६ | १५ | ७ | १५ | ८ | १५ |
| ८. | स्थानीय संघसस्था, जनप्रतिनिधि र सेवा प्रवाह | ६ | १० | ७ | १० | ८ | १० |
| ९. | जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन | ६ | ५ | ७ | ५ | ८ | ५ |
| | जम्मा | | १२८ | | १२८ | | १२८ |

## कक्षागत सक्षमता (६–८)

| क्र.स. | विषय क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १. | स्थानीय मूल्य मान्यता, भूगोल र जनसंख्या | - स्थानीय मूल्य मान्यतामा सामाजिकरण हुन,<br>- बाँसगढी नगरपालिकाको भौगोलिक स्वरुप बताउन,<br>- स्वास्थ्य बाताबरण निर्माणमा स्थानीय अभ्यासहरुका बारेमा अवधारणा बनाउन,<br>- जनसंख्यामा भौगोलिक महत्वको पहिचान गर्न,<br>- सामाजिक समावेशिताको आवधारण सिर्जना गर्न,<br>- स्थानीय मूल्य मान्यतामा रम्न र सो लाई अगाँल्न | - बाँसगढी न.पाको भौगोलिक र प्राकृतिकतालाई बस्तुकरण गर्न,<br>- मूल्य मान्यताको रैथाने तवरले संरक्षण र त्यसको मौलिकतालाई आधुनिक मान्यतासँग समाञ्जस्यता गर्न,<br>- भूगोलको संरक्षणका लागि स्थानीय उपाय सहितको समूहहरु निर्माण गर्न,<br>- न.पाको जनसंख्यालाई जनसंख्याकीय तत्वको रुपमा बुझ्न,<br>- मूल्य मान्यताको जगेर्णा र सकारात्मकताको विकास गर्न, | - बाँसगढी न.पा.को जल,जमिन र जंगलको अवस्थाको विस्तृतिकरण गर्न,<br>- भूगोल अनुसारको मूल्य मान्यताहरुको सामुहीकरण वा क्लव गठन गरी जगेर्णा गर्न र पर्यटकीय अवधारणामा लैजान,<br>- पर्यावरण सन्तुलनमा आफ्नो भौगोलिक अवस्थाको पहिचान र संरक्षण गर्न,<br>- आफ्नो क्षेत्रको सामाजिक र नैतिक नियमलाई पर्वद्धन गर्न,<br>- स्थानीय मूल्य मान्यतालाई अपनत्व गरी सर्म्वद्धन गर्न |
| २. | स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | - रैथाने पेशा, व्यवसायको परिचय बुझी त्यसलाई अपनत्व गह्रण गर्न,<br>- कृषि र गैह्र कृषि व्यवसायको ठोस अवधारणा बनाउन,<br>- स्थानीय प्रविधिहरुको पहिचान र संरक्षण गर्न,<br>- स्थानीय सीपलाई पुस्तान्तरण गरी अपनत्व लिन, | - आफ्नो कार्यक्षमताको आधारमा स्थानीय पेशा रोज्ने आवधारणाको विकास गर्न,<br>- स्थानीय पेशा, व्यवसायको संरक्षण गर्न,<br>- स्थानीय स्तरमा रहेका रैथाने प्रविधिहरुलाई पूर्व उमेर समुहका व्यक्तिहरुबाट पुस्तान्तरण गरी लिन, | - कृषि उत्पादनमा आधारीत साना तथा रैथाने घरेलु उद्योग स्थापनार्थका लागि ठोस उपायहरु बनाउन,<br>- स्थानीय पेशा, व्यवसाय,सीपको र विकासलाई आधुनिकीकरणसँग समाञ्जस्यता कायम गरी विकास गर्न, |

| | | | | |
|---|---|---|---|---|
| २. | | | - जरा,बुटा वा स्थानीय कलालाई सम्बर्दन गरी स्थानीय तवरको कला घरको अवधारणा बनाउन, | - स्थानीय स्तरमा पाइने कृषि (बाली नाली र पशुपालन) लाई आफ्नो दैनिक आयसँग जोड्न,<br>- रैथाने उद्यम विकासको सोचलाई विस्तार, प्रचार र प्रविधिमय बनाउन, |
| ३. | सँगीत, स्थानीय कला र संस्कृति | - बाँसगढी नगरपालिकाको स्थानीय कला र सँस्कृतिको महत्व बुझ्न,<br>- स्थानीय स्तरमा परम्परागत रुपमा चलि( आएका कलालाई आदर र सम्मान गर्न,<br>- रैथाने कला र संस्कृतिप्रति श्रद्धाभाव राखी व्यावहारिक जीवनमा सोको अनुसरण गर्न<br>- स्थानीय कला र संस्कृतिलाई जीवन र जगतसँग जोडी त्यसलाई जर्गेणा र प्रबर्द्धन गर्न | - रैथाने कलाको संरक्षण केन्द्र बनाई त्यसलाई पर्यटनसँग जोड्न,<br>- संस्कृतिलाई मानव मूल्य र जगतसँग जोड्न,<br>- स्थानीय कला र संस्कृति जर्गेणाका लागि टोल वा गाँउ स्तरका समूह वा क्लव गठन गर्न,<br>- संस्कृति र कलाको मर्मानुसार त्यसलाई प्रविधिकरण गर्न, | - स्थानीय कला घरको स्थापना गर्न,<br>- संस्कृतिलाई जीवनसँग समाञ्जस्यता गर्न,<br>- कला र सँस्कृतिलाई एकीकृत गरी त्यसलाई पर्यटनसँग जोड्दै आयआर्जनका आयामहरुसँग जोड्न,<br>- कला र संस्कृतिप्रति सद्भाव र सदाचार व्यक्त गरी असल नागरिक बन्न, |
| ४. | धार्मिक तथा पर्यटकीय सम्पदा | - बाँसगढीमा अवस्थित धार्मिक स्थलहरुको पहिचान गर्न,<br>- धार्मिक स्थलहरुलाई पर्यटनसँग जोडी स्थानीय स्तरमा पर्यटन बृद्धि गर्न,<br>- रैथाने स्तरका धार्मिक स्थलरुको ज्ञान लिन,<br>- धार्मिक सद्भाव राखी सोही अनुसारको व्यावहार प्रदर्शन गर्न, | - बाँसगढीको धार्मिक इतिहाँस र यहाँका धार्मिक व्यक्तित्वहरुको योगदान बुझ्न,<br>- धार्मिक स्थलहरुको संवर्द्धन गर्न,<br>- पर्यटकीय सम्पदाहरुको व्याख्या गर्न,<br>- धर्म र जीवनलाई एकीकृत रुपमा बुझ्न, | - बाँसगढीको धार्मिक इतिहासलाई प्रचार प्रसार गर्न,<br>- राष्ट्रिय धार्मिक पर्यटकीय सूचिमा परेको केदारेश्वर धामको इतिहाँस, संरचना र यस प्रतिको व्यक्तिहरुको सानिध्यता बुझ्न,<br>- विभिन्न वडाहरुमा भएका धार्मिक मठ मन्दिर र पर्यटकीय स्थलहरुको ज्ञान लिन,<br>- धार्मिक स्थलहरुलाई पर्यटकहरुको हवको रुपमा विकास गर्न, |

| | | | | |
|---|---|---|---|---|
| ५. | स्थानीय जातजाति, भाषा र धर्म | - बाँसगढी न.पा. भित्र बस्ने जातजातिको बारेमा परिचित हुन,<br>- आफ्नो समुदायमा रहेका अन्य जातजाति, भाषा र धर्मावलम्बीहरुसँग सहकार्य गर्ने,<br>- रैथाने भाषालाई संबर्दन गर्ने,<br>- सामाजिक नीति नियम र समावेशीताको सिद्धान्तसँग परिचित हुन, | - समुदायमा रहेका जातजातिहरुको मुख्य संस्कार र संस्कृतिसँग परिचित (थारु, मगर, राजी, तामाङ) हुन,<br>- जातिगत भाषा र पहिरनको सम्मान गर्न,<br>- विभिन्न धार्मिक मान्यतालाई स्विकार गर्न,<br>- स्थानीय जातजाति, भाषा र धर्मलाई ग्रहण गर्न, | - बाँसगढी नगरपालिकाको जातिगत चिनारी राख्ने र अपनत्व ग्रहण गर्न,<br>- बाँसगढीमा बोलिने भाषाहरु समेटी धार्मिक सहिष्णुताको परिचय दिन,<br>- स्थानीय चाडपर्वहरुमा संलग्न हुन,<br>- जातिगत मूल्यमान्यताको संरक्षण गर्न,<br>- धार्मिक सहिष्णुताको परिचय दिन विभिन्न धार्मिक ठाँउहरुमा सामुहिक रुपमा भेटघाट गर्न, |

| | | | | |
|---|---|---|---|---|
| ६. | स्वास्थ्य, योग र खेलकुद | - स्वास्थ्य जीवनका लागि सम्पूर्ण पक्षबाट तयार हुन,<br>- व्यस्त जीवनशैलीलाई सामान्य योगका माध्यमबाट सरलीकरण गर्न,<br>- व्यक्तिगत, सामुदायिक र विद्यालयको वरिपरि सफा सुग्घर राख्ने, सुरक्षित पिउने पानी, व्यवस्थित चर्पीको प्रयोग तथा स्वच्छताका असल अभ्यासहरु गर्न | - योगअभ्यासका सामान्य योगासनहरुसँग परिचित हुन,<br>- स्वास्थ्य जीवनका लागि योगको महत्व बुझ्न,<br>- स्वस्थ रहनका लागि सरसफाईको महत्वमा ध्यान दिन,ठोस फोहोर मैला संकलन तथा वर्गीकरण गर्न । | -स्वास्थ्य रहनका लागि शारीरिक, मानसिक र सामाजिक पक्षहरुलाई ध्यान दिन,<br>- दैनिक जीवनमा योगको सामान्य अध्यास गर्न,<br>- घरबाट निष्कने फोहलाई कुहिने र नकुहिने भाँडामा छुट्याई कुहिने वस्तुबाट प्राङ्गारिक मल बनाई करेसाबारीमा राखी स्वस्थ अर्गानिक खाना खान,<br>-ठोस फोहोर मैला संकलन तथा वर्गीकरण गरी कुहिने फेहोर मैलाबाट प्राङ्गारिक मल निर्माण गर्न<br>-(अभ्यासहरु यो लिंकवाट पनि डाउनलोड गर्न सकिन्छ । https://waterconsortium.ch/blueschool/) |

| | | | | |
|---|---|---|---|---|
| ७. | स्थानीय वन्यजन्तु, वनस्पति र जडिबुटी | - रैथाने वनस्पति चिन्न वा पहिचान गर्न,<br>- स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीको विषेशता जान्न,<br>- आफ्नो वरपर सामुदायिक वनमा आश्रित बन्यजन्तु चिन्न, | - रैथाने बन्यजन्तुको संरक्षणमा अग्रसर हुन,<br>- वन्यजन्तु र मानव जीवनको अन्तर बस्तु पहिचान गर्न,<br>- रैथाने वनस्पतिको संरक्षण गर्न,<br>- स्थानीय जडिबुटीको बैज्ञानिक प्रयोग गरि स्वस्थ्य जीवन यापन गर्न,<br>- वनस्पतिको संरक्षण गरी वातावरण स्वच्छ र हराभरा बनाउन,<br>- हरित ग्राम, समुदाय र विद्यालयको अवधारणा बताउन, | - बन्यजन्तुको सरंक्षणका लागि सामुहिक पहल गर्न,<br>- बन्यजन्तु र मानव बिचको द्वन्दलाई सकारात्मक तवरले व्यवस्थापन गर्न,<br>- रैथाने जडिबुटी सामुहिक रुपमा जम्मा गरी आर्युबेदिक स्वस्थ्य उपचार केन्द्रको अवधारणा निमार्ण गर्न,<br>- आफ्नो समुदायमा बोटानिकल गार्डेन निमार्ण गर्न<br>- रैथाने वनस्पतिको प्रचार प्रसार गरि पर्यटन पवर्दनमा सहयोग गर्न,<br>- एक घर एक बनस्पति (जटिबुटी) को व्यवस्था गर्न । विद्यालयमा स्थानीय फूलहरु सहित कम्तीमा पनि तिन किसिमका बाली वा बनस्पति भएको वगैचा बनाएर प्रदर्शनी गर्न । सो वगैचाका लागि खेर गएको पानी प्रयोग गर्न ।(अभ्यासहरु यो लिंकवाट पनि डाउनलोड गर्न सकिन्छ । https://waterconsortium.ch/blueschool/) |

| | | | | |
|---|---|---|---|---|
| ८. | स्थानीय संघसस्था, जनप्रतिनिधि र सेवा प्रवाह | - बाँसगढी नगरपालिकाको संरचना पहिचान गर्न,<br>- बाँसगढी नगरपालिकामा आवस्थित संघसँसस्थाहरुको नाम बताउन,<br>- जनप्रतिनिधिहरु चिन्न, | -बाँसगढी न.पामा रहेका मुख्य संघ सस्थाहरुको कार्य बताउन,<br>- स्थानीय संघसस्थाहरुबाट सेवा लिन,<br>- जनप्रतिनिधि र निजहरुको कार्य सम्बन्धी ज्ञान लिन, | - बाँसगढी न.पा.का जनप्रतिनिधिहरुले सम्पादन गर्ने कार्यहरु जान्न र सेवा लिन,<br>- स्थानीय तहमा रहेका सामाजिक संघसस्थाहरुको वर्गीकरण गरी तिनीहरुको सेवा क्षेत्र पहिचान गर्न, |
| ९. | विपद व्यवस्थापन | - स्थानीय स्तरमा आईपर्ने विपदहरु जान्न,<br>- सुरक्षित विद्यालय र घरको बातावरण सिर्जना गर्न, | - विपद व्यवस्थापनका उपायहरु जान्न,<br>- विपद व्यवस्थापनमा अग्रसर हुन, | - विपद न्युनीकरणमा आफ्नो सहभागिता जनाउन,<br>- विपद व्यवस्थापन गर्न स्थानीय स्तरमा प्रयासमा रहेका रैथाने उपायहरु र आधुनिक प्रविधिसँग सुसुचित हुन, |

## १२ विषय क्षेत्र विस्तृतिकरण

यहाँ कक्षागतरुपमा विषयवस्तुको विस्तृतीकरण तालिका प्रस्तुत गरिएको छ । जस अन्तर्गत विषयवस्तु, विषय विस्तृतीकरण, सिकाई सहजीकरण, मूल्याङ्कन प्रक्रिया र सम्भावित कार्यघण्टा समेटिएको छ ।

**कक्षा ६**

| विषय क्षेत्र | विषय वस्तु | विषय विस्तृतीकरण | सिकाइ सहजीकरण | मूल्याङ्कन प्रक्रिया | अ. घण्टा |
|---|---|---|---|---|---|
| स्थानीय मूल्य मान्यता, भूगोल र जनसंख्या | स्थानीय मूल्य मान्यता | -स्थानीय स्तरमा रहेका विभिन्न असल संस्कार र चालचलनको पहिचान गरी असल संस्कारको अनुसरण गर्दै अगाडि बढ्न र कुसंस्कारलाई हटाउन पहल गर्ने ।<br>-आफूभन्दा ठूलासँग र आफूभन्दा सानासँग सकारात्मक व्यावहार र बिचारको सञ्चार गर्ने ।<br>-समाज, टोल, छिमेकमा हुने विभिन्न धार्मिक एवम साँस्कृतिक क्रियाकलापमा सहभागी भई सक्रियता पूर्वक भूमिका प्रर्दशन गर्ने ।<br>-समाजमा विद्यमान असल संस्कारको बिकासमा सहयोग गर्ने नराम्रो संस्कार र परमपरालाई हटाउन प्रयत्नशील हुने। | -समाजमा हुने कार्यक्रम तथा घटना जस्तै जन्ती, मलामी, धार्मिक तथा साँस्कृतिक कार्यक्रम, कुलपूजा, सार्वजनिक स्थलको संरक्षण आदिमा जिम्मेवारी बाँडफाड गर्ने कार्य सम्बन्धी अनुभव आदान प्रदान गर्ने<br>-स्थानीय प्रबुद्ध व्यक्तिहरुलाई श्रोत शिक्षकको रुपमा प्रयोग गरी यी बिषय सम्बन्धमा थप जानकारी प्रदान गर्ने ।<br>-अभ्यासात्मक क्रियाकलाप, परियोजना कार्य, ब्यावहार अवलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापको प्रयोग गर्ने । | -व्यवहार, अवलोकन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन<br>-परियोजना कार्य,अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता सम्बन्धमा मूल्याङ्कन गर्ने ।<br>-लिखित, मौखिक र अभिब्यक्ति प्रर्दशन गरी मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय भूगोल | -बाँसगढी नगरपालिका भित्र रहेका विभिन्न वडाका भौगोलिक पहिचान गरी वडागत भौगोलिक विशेषता बताउन ।<br>-बाँसगढी न.पा. भित्रका सम्पूर्ण वडामा रहेका विभिन्न स्रोतसाधन पहिचान गरी उपलब्ध स्रोत साधनलाई के कसरी उपयोग गर्न सकिन्छ बताउन । | -भौगोलिक अवस्था, उचाई, माटोको प्रकृति र विशेषता सम्बन्धमा क्षेत्रभ्रमण, छलफल, अन्तरक्रिया, सो सम्बन्धी सन्दर्भ सामाग्रीको प्रयोग, विषयवस्तु, प्रस्तुती, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य सान्दर्भिक सूचना प्रविधिको प्रयोग ।<br>-बाँसगढी नगरपालिकाको नक्साको प्रयोग गरी विभिन्न भौगोलिक श्रोतसाधन पहिचान गर्न । | -कक्षा सहभागिता कक्षा कार्य ब्यावहार अवलोकन<br>-अभिभावकसँग अन्तरत्रि(ज्या वा यस्तै साधनहरुद्धरा स्थानीय वातावरण सम्बन्धमा मूल्याङ्कन गर्ने ।<br>-सामुदायिक कार्यबाट प्राप्त विवरणको लेखाजोखा लिखित, मौखिक, प्रश्नात्तर आदि ।<br>-निरन्तर मूल्याङ्कन अपेक्षित सिकाइ उपलब्धिका लागि सुधारात्मक शिक्षण र त्यसपछि रुब्रिक्स अभिलेखीकरण र मूल्याङ्कन गर्ने ।<br>-यी र यस्तै प्रक्रिया अपनाएर विद्यार्थी मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जनसंख्या | -बाँसगढी न.पा. भित्र रहेका विभिन्न जात, जाति, भाषा, धर्म र लिङ्गका आधारमा जनसंख्या बताउन । <br>-वडामा रहेका बहुसंख्यक, अल्पसंख्यक र लोपोन्मुख जातिको बारेमा स्थलगत प्रतिवेदन तयार गर्न लगाउने । | -नगरपालिकाद्वारा तयार गरिएका फाइल र सुचना तथा प्रविधीको प्रयोग गरि जातीगत विवरण भन्न लगाउने । वडागत रुपमा अल्पसंख्यक र लोपोन्मुख जातिको उत्थानका लागि गन-सकिने कार्यको सूचि तयार गर्न लगाउने। | कक्षा कार्य अवलोकन, तथ्यांक विश्लेषण,लिखित तथा मौखिक प्रश्नोत्तर | |
| | स्थानीय पेशा व्यवसाय | -स्थानीय स्तरमा सञ्चालित पेशाहरुका बारेमा बताउन , <br>-पेशाले मानिसको जीविकोपार्जनमा कसरी सहजता हुन्छ बताउन । पेशामा संलग्न हुँदा र नहुँदा हुन सक्ने लाभ र हानि बताउन । <br>-आफनो समुदायमा मानिसले अपनाउँदै आएका पेसाहरुको महत्व बताउनश । <br>-पेशा अपनाएर मानिसको जीवनमा आएको परिर्वतनहरु बताउन । <br>-आफनो समुदायमा विभिन्न पेसा जस्तै परम्परागत पेसा, आधुनिक पेसा छुट्याउन । | -अनुभव साटासाट, अवला कन, छलफल, विषय वस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरुलाई उपयोग गर्दै औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलाप बारे सिकारुलाई समुचित जानकारी दिन सकिन्छ । <br>-क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, अनुभव आदान प्रदान, सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरु संचालन गर्ने । | -कक्षाकार्य, प्रश्नोत्तर, परियोजना तथा प्रयोगात्मक कार्य <br>-लिखित र मौखिक प्रस्तुती आदिको आधारमा स्थानीय पेशा व्यवसाय सम्बन्धमा मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -बाँसगढी नगरपालिकामा बासोवास गर्ने मानिसहरुले अपनाएका पेशाहरु जस्तै तरकारी खेती, पशुपालन, सिकर्मी, डकर्मी, शिक्षण जस्ता पेशाको बारे परिचित हुन । | | |
| स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | स्थानीय सीप र प्रविधि | -स्थानीय सीप र प्रविधिको प्रयोग गरी विभिन्न सामाग्रीको उत्पादनबाट समाजमा हुने फाइदा बताउन ।<br>-समाजमा भएका सीप र प्रविधियुक्त जनशक्ति पहिचान गरी स्थानीय सीप प्रविधिको प्रयोग गरी यसको प्रयोगबाट हुने फाइदा बताउन ।<br>-स्थानीय सीप र प्रविधिको प्रयोग गरी आफनो घरायसी जीवनमा लागू गर्न ।<br>-विभिन्न सामाग्रीको निर्माण र प्रयोग गर्दा अपनाउनु पर्ने साबधानी बताउन । | -स्थानीय सीप तथा प्रविधिको प्रयोग गरी जीविकोपार्जन गर्न उत्साहित गर्ने<br>-स्थानीय विज्ञहरुलाई बोलाएर त्यस्ता घरेलु सामग्रीहरु निर्माण र विक्री वितरण गरी उद्यमशीलताको विकास गर्न सिकाउने ।<br>-अभ्यासात्मक क्रियाकलापहरु संचालन गर्ने ।<br>-स्थानीय स्तरका प्रबिधिहरुको पहिचान र संरक्षण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप संचालन गर्न र सूचना प्रबिधिको प्रयोग गर्ने । | -अवलोकन, प्रयोगात्मक तथा परियोजनात्मक कार्य,<br>-लिखित र मौखिक कार्य<br>-सीप प्रर्दशन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी बिद्यार्थीको सिकाई उपलब्धि मूल्याङ्कन गर्ने ।<br>-सीप प्रर्दशनमा प्रतिस्पर्धा गराउने ।<br>-निर्मित सामग्रीहरु अवलोकन गर्ने र मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -स्थानीय स्तरमा सञ्चालित प्रविधि जस्तै ढिकी, जाँतो, आरन, खल, डोक्नी, दाँई गर्ने, मोही पार्ने प्रविधि बारे परिचित हुन ।<br>-त्यस्तै बादयबादन (मादल, खैजडी, पञ्चेबाजा) आदिको संरक्षण गर्न । | -स्थानीय प्रबिधिको पहिचान सम्बन्धमा परियोजनामा आधारित क्रियाकलाप संचालन गर्ने ।<br>-विद्यार्थीहरुले संचालन गरेको क्रियाकलापहरु प्रर्दशन गर्न लगाउने । | | |
| सँगीत, स्थानीय कला र संस्कृति | स्थानीय कला | -बाँसगढी नगरपालिका भित्र रहेका विभिन्न जातजाति जस्तै थारु, गुरुङ, मगर र यस्तै अन्य जातजातिमा रहेका विशेषकलाको पहिचान गरी त्यस्ता कलाको ऐतिहासिक पक्ष खोजी गर्न र प्रचार प्रसारमा जोड दिन ।<br>-विभिन्न अवसरमा देखाइने त्यस्ता कलाहरुमा स्थलगत भ्रमण गरी प्रतिवेदन प्रस्तुत गर्न ।<br>-लोप हुन गइरहेका कलाकारितालाई संरक्षण गरी महत्व बताउन । | -समूह कार्य, क्षेत्र भ्रमण, अवलोकन, सूचना प्रविधिको प्रयोग गरी वृत्तचित्र प्रदर्शन । स्थानीय कला झल्किने गरी साँस्कृतिक कार्यक्रमको आयोजना गर्ने ।<br>-विभिन्न (चाडपर्वको अवसरमा निर्माण गरिने मूर्तीकला, हस्तकलाका बारेमा प्रतियोगिता गराउने ।<br>-स्थानीय कला र संस्कृति प्रस्तुत गर्न सक्ने व्यक्तिसँग साक्षात्कार गर्ने ।<br>-थारु कलाको अवलोकन गरी प्रत्यक्ष अनुभव प्राप्त गर्न विद्यार्थीलाइ क्षेत्र भमण गराउने । | -अवलोकन, प्रयोगात्मक तथा परियोजनात्मक कार्य (विभिन्न जात जातिले प्रचलनमा ल्याएका कलाको सूचि निर्माण गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय संस्कृति | -जातिगत रुपमा मनाउँदै आएका बिभिन्न चाडपर्व जस्तै दशै, तिहार, माघी, आइतबारी, तीज, क्रिसमस, इद र यस्तै अन्य पर्व पहिचान गर्न, इतिहास बताउन र कसरी मनाइन्छ जानकारी हाँसिल गर्न ।<br>-हरेक जात जातिले मनाउने चाडपर्वको महत्व बुझी एक जातिले अर्को जातिको चाडपर्वमा सदभाव र सम्मान प्रकट गर्न । | -कथा कथन, सोधखोज परियोजना कार्य अन्य श्रोत सामग्री र विधिको प्रयोग गर्दै विभिन्न जातजातिहरुको सँस्कृतिको प्रचार प्रसारमा स्थानीय बासीलाई सुसुचित गर्ने ।<br>-स्थानीय संस्कृतिका बारेमा प्रस्तुत गर्न सक्ने व्यक्तिसँग साक्षात्कार गर्ने,<br>-प्रत्येक वडामा रहेका विभिन्न धार्मिक सम्पदाहरुको इतिहासको बारेमा जानकारी गराउने ।<br>-बाँसगढी नगरपालिका भित्र रहेका विभिन्न साँस्कृतिक सम्पदाहरु मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिको परिचय, महत्व र संरक्षणको उपायहरु जानकारी दिनको निम्ति विभिन्न प्रयोगात्मक क्रियाकलाप गराउने । | -वर्षमा १ दिन आफ्नो जात अनुसारको मौलिक पोषाक लगाई विद्यालय आउन लगाउने र सो सम्बन्धमा प्रश्न गर्ने ।<br>-वर्षमा १ दिन स्थानीय जात अनुसार चाडपर्व अनुसारका परिकार पकाउन लगाई मुल्याङकन गर्ने ।<br>-स्थानीय कला तथा संस्कृतिको सँग्राहालयमा भ्रमण गराई कला र संस्कृतिको बारेमा प्रश्न सोध्ने ।<br>-जातिगत गीत गाउन लगाई र बाजा बजाउन लगाई मूल्याङकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| धार्मिक तथा पर्यटकीय सम्पदा | धार्मिक सम्पदा | -बाँसगढी नगरपालिका भित्र रहेका धार्मिक सम्पदाहरुको जस्तै ऊँ केदारेस्वर धाम र प्रत्येक वडामा रहेका धार्मिक स्थलहरुको ऐतिहासिक महत्व र विशेषता बताउन ।<br>-त्यस्ता धार्मिक सम्पदाहरुको संरक्षण सम्बर्धन र प्रचार प्रसारमा आफनो भूमिका बताउन ।<br>-विभिन्न धार्मिक सम्पदाहरुले समाजमा पारेको प्रभाव बताउन । | -कथा कथन, सोधखोज परियोजना कार्य अन्य श्रोत सामग्री र विधिको प्रयोग गर्दै यस्ता सम्पदाहरुको प्रचार प्रसारमा स्थानीयबासीलाई सुसुचित गर्ने ।<br>-प्रत्येक वडामा रहेका विभिन्न धार्मिक सम्पदाहरुको इतिहासको बारेमा जानकारी गराउने<br>-बाँसगढी नगरपालिका भित्र रहेका विभिन्न धार्मिक सम्पदाहरु मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च आदिको परिचय, महत्व र संरक्षणको उपायहरु जानकारी दिनको निम्ति विभिन्न प्रयोगात्मक क्रियाकलाप गराउने । | -प्रश्नोत्तर, परियोजना कार्य लिखित, मौखिक प्रश्नोत्तर कार्य<br>-परीक्षा बाहेक अन्य मूल्याङ्कनका साधनहरु अवलोकन, रुजुसूची आदि द्वारा मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पर्यटकीय सम्पदा | -बाँसगढी नगरपालिका भित्रका पर्यटकीय सम्पदा जस्तै, बबई भेरी डाईभसन, बर्दिया राष्टिय निकुञ्ज, भास ताल, बेलटारी पिकनिक स्पोट, भ्रोलुङगे पुल, थारु सँग्राहलय आदिको महत्व र विशेषता बताउन ।<br>-ती सम्पदाहरुको संरक्षण, प्रबर्धनको निम्ति आफ्नो भूमिका बताउन,<br>-आफ्नो क्षेत्रमा रहेका पर्यटकीय सम्पदाहरुको ऐतिहासिक महत्व जान्न । | -क्षेत्र भ्रमणको माध्यमले त्यस्ता स्थानहरुमा अवलोकन गराउने ।<br>-परियोजना कार्य अन्तर्गत त्यस्ता स्थानहरुको बारेमा जानकारी हासिल गर्न लगाउने ।<br>-ती सम्पदाहरुसँग सम्बन्धित जानकार ब्यक्तिहरुबाट साक्षतकार गराई त्यस्ता सम्पदाहरुको बारेमा जानकारी हासिल गराउने ।<br>-आफना वडामा रहेको त्यस्ता सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र बिकासका निम्ति बालबालिकाहरुलाई सहभागी गराउने । | प्रश्नोत्तर, परियोजना कार्य<br>लिखित मौखिक प्रश्नोत्तर अवलोकन ।<br>क्षेत्र भ्रमण गराउने ।<br>बाँसगढी नगरपालिकाको नक्सा कोरी पर्यटकीय स्थान पत्ता लगाउन लगाउने । | |
| स्थानीय जातजाति, भाषा र धर्म | स्थानीय जातजाति | बाँसगढी न.पा. (भित्र बसोबास गर्ने बिभिन्न जातजाति थारु, गुरुङ, मगर, र अन्य जातिहरुको संस्कार, संस्कृति, चालचलन रीतिरिवाज बताउन । | -स्थानीय जातजाति जस्तै : थारु, मगर, गुरुङ, नेवार, बाहुन, क्षेत्री, ठकुरी र अन्य जातिहरुको जातिगत संस्कार, सभ्यता समेटिएको बिषयबस्तु | कक्षा कार्य<br>परियोजना कार्य<br>लिखित मौखिक प्रस्तुती<br>सामुहिक प्रस्तुती | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय जातजाति, भाषा र धर्म | स्थानीय जातजाति | - बाँसगढी नगरपालिका भित्र बसोबास गर्ने बिभिन्न जातजातिहरुको परिचय दिन | छलफल गर्न लगाउने । त्यस्ता जातजातिहरुको सस्कृति, भाषा रहनसहन संरक्षणका उपायहरु अवलम्बन गर्न उत्प्रेरित गर्ने ।<br>-ती जात जातिहरुको विबिध कुराहरुको जानकारी हासिल गराउन क्षेत्र भ्रमण, सामुदायिक कार्य परियोजना कार्य सोधपुछ कार्य आदि गर्नको लागि उत्प्रेरित गर्ने । | भाषाका सम्बन्धमा अपेक्षित सिकाई उपलब्धि भए नभएको एकीन गर्ने । | |
| | भाषा | -बाँसगढी नगरपालिका भित्र रहेका र बसोबास गर्ने जातिगत रुपमा अस्तित्वमा रहेका भाषा (थारु, मगर, गुरुङ, अवधी, नेपाली) भाषाको सामान्य परिचय दिन | - स्थानीय स्तरमा बोलिने भाषाहरु जस्तै थारु, मगर, गुरुङ, नेवार, बाहुन, क्षेत्री, ठकुरी र अन्य जातिहरुको जातिगत संस्कार, सभ्यता समेटिएको बिषयबस्तु छलफल गर्न लगाउने । त्यस्ता जातजातिहरुको सस्कृति, भाषा रहनसहन संरक्षणका उपायहरु अवलम्बन गर्न उत्प्रेरित गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ती जात जातिहरुको विबिध कुराहरुको जानकारी हासिल गराउन क्षेत्र भ्रमण, सामुदायिक कार्य परियोजना कार्य सोधपुछ कार्य आदि गर्नको लागि उत्प्रेरित गर्ने । | | |
| | चाडपर्व | -बाँसगढी नगरपालिका भित्र रहेका बिभिन्न जातजातिहरुले जातिगत रुपमा मनाउने विभिन्न चाडपर्वहरु जस्तै दशै, तिहार, माघि, आइतबारी, कृष्णास्टमी, गुरिया, होली, छठ, ल्होसार, इद, मोहरम, मोहम्मद डे, बकरइद र अन्य यस्तै चाडपर्वहरुको बारेमा सामान्य जानकारी राख्ने ।<br>स्थानीय मेला (कोटे डाँडा) पर्व | -साउने र माघे सक्रान्ति, दशै, तिहार, छठ, ल्होसार गोठपूजा र यस्तै अन्य चाडपर्वहरुबारे थप पाठ्य सामग्री मार्फत सिकारुलाई सुसुचित गर्ने ।<br>-स्थानीय मेला, पर्व, जात्रा, सम्बन्धमा क्षेत्र भ्रमण, परियोजनामा आधारित शिक्षण सिकाई त्रि(क्रयाकलापलाई उपयोगमा ल्याउन सकिन्छ। आवश्यक बिषयबस्तुको प्रस्तुती तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता बिधिलाई सिकाई सहजीकरणमा उपयोग गर्ने । | स्वतन्त्र अभिब्यत्ति, सामुहिक प्रस्तुती परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरुसँग सम्बन्धित बिषयबस्तुको मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकताअनुसार उपयोगमा ल्याउन सकिने छ । | | |
| स्वास्थ्य, योग र खेलकुद | स्वास्थ्य र सरसफाइ | -स्थानीय उपचार पद्धतिको परिचयः विभिन्न रोगहरु लाग्दा गरिने स्थानीय उपचार जस्तैः पेट दुख्दा वा अपच हुदाँ, ज्वानो वा विरेनुनको प्रयोग, पखाला लाग्दा अम्बाको बोक्राको रस सेवन, माछाको काडा अड्किदा गुँरासको फूलको प्रयोग, काटेको ठाउमा लगाइने स्थानीय जडीबुटीहरु र अन्य रैथाने उपचार पद्धतिको प्रयोग ।<br>- स्वास्थ्य जीवनको लागि सरसफाइः भान्सा ओछ्यान र घर तथा आगनको सरसफाइ, घरबाट निस्कने फोहोर मैलाको उपयोगी व्यवस्थापन र प्राङगारिक मल तथा सिचाइको लागि उपयोग आदि । | -अभ्यासात्मक क्रियाकलाप तथा अनुभव आदान प्रदान<br>-स्थानीय अनुभवी व्यक्तिहरुसँगको छलफल र अर्न्तक्रिया<br>-स्थानीय रथाने उपचार पद्धतिमा प्रयोग हुने वस्तुहरुको बारेमा सो सम्बन्धमा जानकार व्यक्तिहरुलाई स्रोत शिक्षकको रुपमा उपयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन ।<br>-परियोजनामा आधारित तथा प्रयोगात्मक क्रियाकलाप<br>-स्वस्थ जीवनका लागि भान्सा, ओछ्यान, घर तथा आगनको सरसफाई, घरबाट निस्कने फोहोरमैलाको उपयोग, | -व्यवहार अवलोकन, अभिभावक सँग अर्न्तक्रिया तथा प्रयोगात्मक तथा परियोजना कार्यको माध्यमले रैथाने उपचार पद्धतिको बारे परिचित भए नभएको एकीन गर्ने ।<br>-रैथाने उपचार पद्धति बुँदागत प्रस्तुत गर्न लगाउने<br>-लिखित वा मौखिक रुपमा सो बारेमा मूल्याङ्कन गर्ने ।<br>(अभ्यासहरु यो लिंकवाट पनि डाउनलोड गर्न सकिन्छ । https://waterconsortium.ch/blueschool/) | |
| | | | -व्यवस्थापन र प्राङगारिक मल तथा सिचाइको लागि उपयोग गर्ने अभ्यासात्मक क्रियाकलाप सहभागी गराई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | योग | -व्यस्त जीवनशैलीलाई सामान्य योगका माध्ययमद्वारा सरलीकरण गर्ने व्यक्तिको जीवनशैली व्यस्त हुदा तथा आधुनिक प्रविधिका साथै विलासितामा निर्भर वा व्यस्तताले मानव जिवनका शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक तवरले स्थस्थ रहन विभिन्न व्याम अभ्यास पद्धतिको प्रयोग । विद्यालय वरिपरि सफा सुघर साथै व्यक्तिगत, सामाजिक पक्षमा समेत सफा सुघर राख्न ।<br>-शारीरिक रुपमा स्वस्थ, मानसिक तवरले शान्त र आध्यात्मिक रुपमा उच्च चेतना भएर जिउने कला हो । अनुभूति र रुपान्तरण हो । | -योगसँग सम्बन्धित क्रियाकलाप तथा अनुभव आदान प्रदान ।<br>-स्थानीय अनुभवी व्यक्तिहरु सँगको छलफल र अर्न्तक्रिया ।<br>-योग गर्दा प्रयोग हुने विभिन्न आसन पद्धतिबारे सो सम्बन्धका जानकार व्यक्तिहरुलाई स्रोत शिक्षकको रुपमा उपयोग गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन । | अभिभावकसँग अन्तर्क्रिया तथा प्रयोग तथा परियोजना कार्यको माध्यमले अनुभवी व्यक्तिले दिएको योगका विभिन्न आसन पद्धति बारे परिचित भए नभएको एकीन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटी | स्थानीय वन्यजन्तु | - बाँसगढीको वन्यजन्तु, वनस्पति र जडीबुटीः बाँसगढी न.पा. स्थित वनस्पती, वन्यजन्तु र जडीबुटी अवस्था उपलब्धता र वासस्थान, अवस्थित वन्यजन्तु, वनस्पती र जडीबुटिको स्वरुप र विशेषता ।<br>- स्थानीय स्तरमा रहेका वन्यजन्तु, वनस्पती र जडीबुटी संरक्षण गर्न गरिएका स्थानीय अभ्यासहरुः संरक्षणको सन्दर्भमा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र विभिन्न सामुदायिक वन रहेको क्षेत्रलाई व्यवस्थित घेराबारको वन्दोवस्तीका साथै स्थानीय वासीको जीविकोपार्जनका लागि खेतीपाती संरक्षण साथै विभिन्न वनस्पतिको पहिचान गरी कुन वनस्पतिले कस्तो जडीबुटी बनाउन सकिन्छ त्यसको निरीक्षण गर्न ।<br>- स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटीको पवद्धन र उचित व्यवस्थापनः | -बाँसगढी न.पा.मा वन्यजन्तु, वनस्पति र जडीबुटीको अवस्था, विभिन्न नामहरु, बसोवास, विशेषता, सम्बन्धमा क्षेत्र भ्रमण, छलफल, अर्न्तक्रिया, सो सम्बन्धी सन्दर्भ सामाग्रीको प्रयोग, विषयवस्तु प्रस्तुतिकरण, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधिको प्रयोग ।<br>-STEAM Pedagogy मार्फत विषयवस्तुको एकीकृत प्रस्तुति र सिकाई सहजीकरण ।<br>-अनुभव साटासाट, अवलोकन, छलफल, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, अनुभव आदान प्रदान, सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरु सञ्चालन गर्ने । | -कक्षा सहभागिता कक्षाकार्य अभिभावकसँग अर्न्तक्रिया वा यस्तै साधनहरुद्वारा स्थानीय वातावरण सम्बन्धमा मूल्याङ्कन गर्ने ।<br>-परियोजना कार्यबाट प्राप्त विवरण मूल्याङ्कन सामुदायिक कार्यबाट प्राप्त विवरणको लेखाजोखा<br>-लिखित मौखिक प्रश्नोत्तर<br>-निरन्तर मूल्याङ्कन<br>-अपेक्षित सिकाई उपलब्धिका लागि सुधारात्मक शिक्षण र त्यसलाई रुब्रिक्स अभीलेखीकरण र मूल्याङ्कन<br>-यी र यस्तै प्रक्रिया अपनाएर विद्यार्थी मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -स्थानीय स्तरमा रहेका विभिन्न वन्यजन्तु, बदेल, बाघ, निलगाइ र वनस्पति जन्य अमला, हर्रो, बर्रोद्वारा बनाउन सकिने जडीबुटी उचित व्यवस्थापन, जडीबुटी तथा बहुउपयोगी वनस्पति खेती ।<br>- स्थानीय वन्यजन्तु वनस्पति र जडीबुटिका परिचयः<br>-बाँसगढी न.पा. विकास र व्यवस्थापन गरिएका स्थानीय वन्यजन्तु व्यवस्थापन र जडीबुटीको सामान्य परिचय, यसै नगरपालिकामा विकास गरिएको वनस्पति र जडीबुटी र यसका कार्यहरुको परिचय । | स्थानीय वन्यजन्तु र वनस्पति र जडीबुटीले बाँसगढीको पहिचानमा गरेका सहयोग सम्बन्धमा स्थलगत भ्रमण र सो सम्बन्धिका सरोकारवालासँग परामर्श गर्ने | | |
| स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | - हाम्रो गौरब बाँसगढीः बाँसगढी न.पा.मा रहेका संघ, संस्थाको परिचय, महत्व र गरेका काम, समाजमा भएका परिवर्तनको महत्व, विकास । | सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोत सामाग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै बाँसगढी न.पा.मा विभिन्न संघ संस्थाले गरेको योगदान, विकास, परिवर्तन साथै जनप्रतिनिधिको परिचय, गरेका काम, सेवा प्रवाह साथै | प्रश्नोत्तर, परियोजना कार्य लिखित र मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरुद्वारा मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | - बाँसगढी न.पा.मा रहेका जनप्रतिनिधि परिचय, महत्व, संरचनागत प्रतिनिधिको नाम, ठेगाना र पुऱ्याएको सेवा<br>- बाँसगढी न.पा.को संघ, संस्था, जनप्रतिनिधि र सेवा प्रवाह:<br>न.पा. भित्र रहेका संघ, संस्था, नजप्रतिनिधि र सेवा प्रवाहको परिचय: | दुवैले विकास र सेवा प्रवाह सम्बन्धमा नगरपालिका, लुम्बिनी प्रदेश र संघिय सरकारले गरेका प्रश्त्व कार्यहरुबारे सिकारुलाई सुसुचित गर्ने ।<br>-संघ संस्था, जनप्रतिनिधिले विकास र निर्माण गरेका विभिन्न भवन, बाटो, चेतनामूलक कार्यक्रम र अन्य विकासका योजना तथा सेवा प्रवाह अवलोकन गरी बाँसगढीको गौरबपूर्ण कार्यको बारेमा जानकारी गराउन सकिन्छ ।<br>-बाँसगढी अवस्थित संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाहहरुमा संघ संस्थ, जनप्रतिनिधि र सेवा मध्ये प्रमुख १/१ ओटा संघ संस्था र जनप्रतिनिधिको परिचय, महत्व र संरक्षणका उपायहरुबारे समूचित जानकारी दिन सान्दर्भिक क्रियाकलाप सञ्चालन गर्ने । प्रयोगात्मक कार्य अन्तर्गत सिकारुलाई यसवारे प्रस्ट पार्ने । | -परीक्षा बाहेकका मूल्याङ्कनका साधनहरु जस्तै: अवलोकन, रुजुसूची आदिलाई पनि मूल्याङ्कनमा उपयोग गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| विपद व्यवस्थापन | | - स्थानीय विपदहरुः डढेलो, आधिहुरी, आगलागी, बाढीपहिरो, डुवान जस्ता विपदका कारणहरु, बच्ने उपायहरु<br>- विपद व्यवस्थापनका उपायहरुः विपद हुनु अघि, विवदका समय र विपद पछिको अवस्थामा गर्नुपर्ने व्यवस्थापकीय पक्षहरु<br>- विद्यालय, घर, छरछिमेक लाई सुरक्षित बनाउने तरिका (सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन ? विद्यालय, घर, छिमेकीलाई कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, शौचालय, चमेनागृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरुको सुरक्षाको लागि अपनाउनुपर्ने उपायहरु बारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ ।)<br>- विद्यालयको भवन, कक्षाकोठा, खेल मैदन, धारा, शौचालय, चमेना गृह, आफ्नो घर, शौचालय, भान्साकोठा, साथै छिमेकीको घर आदिलाई सुरक्षित बनाउने उपायहरु आदि । | - घटन सक्ने तथा घटिसकेका विपद्हरु र यसबाट बच्ने उपायहरुको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरु प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>-परियोजना आधारित क्रियाकलाप सामुदायिक कार्य । | -प्रश्नोत्तर सिकारुको व्यवहार प्रर्दशन, कक्षा कार्य, लिखित वा मौखिक जानकारी आदिको माध्यमले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।<br>-लिखित वा मौखिक अभिव्यक्ति, विद्यार्थीको अनुभव प्रर्दशन, परियोजना कार्य आदिबाट मूल्याङ्कन । | |

| क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|
| स्थानीय मूल्य मान्यता, भूगोल र जनसंख्या | स्थानीय मूल्य मान्यता | .स्थानीय असल अभ्यासहरूको अनुसरणः सम्मान, सत्कार, सहयोग, मेलमिलाप, सरसापट, ऐंचोपैंचो, जन्ती, मलामी आदि कार्यमा सहभागी हुन ।<br>- विभेद, विकृति र कुरीति विरुद्धको आवाजः बालविवाह, छुवाछुत, फजुल खर्च, दाइजो, यी र यस्ता विकृति र कुरीति नियन्त्रणका उपायहरू, श्रमलाई सम्मान, आलोचनात्मक चेतना अभिवृद्धि गर्न । | -स्थानीय मुल्य मान्यताका अभ्यासहरूका सम्बन्धमा चार्ट, तालिका, विषयवस्तुको प्रस्तुति, छलफल, भ्रमण अलोकन विधिको प्रयोग गर्ने ।<br>-अवस्था अध्ययन, परियोजनामा आधारित सिकाइ सहजीकरण आदिको माध्यमले स्थानीय असल अभ्यासहरूको अनुसरणको सन्दर्भमा सम्मान, सत्कार, सहयोग, मेलमिलाप, सरसापट, जन्त, मलामी आदि कुराको अनुसरण गर्न उत्प्रेरित गर्ने | -कक्षा सहभागिता,<br>-कक्षा कार्य,<br>-व्यवहार अवलोकन,<br>-अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय मूल्य मान्यतताका सम्बन्धमा मूल्याङ्कन गर्ने ।<br>-लिखित तथा मौखिक परीक्षाबाट प्राप्त नतिजा विश्लेषण अभ्यासात्मक क्रियाकलाप अवलोकन परियोजना कार्य प्रस्तुती मूल्याङ्कन तथा अभिलेखीकरण, | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -विषयवस्तुको प्रस्तुती, अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अवलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापमको प्रयोग ।<br>-बालविवाह, छुवाछुत, फजुल खर्च, दाइजो, यी र यस्ता विकृति र कुरीति नियन्त्रणका उपायहरू, श्रमलाई सम्मान, आलोचनात्मक चेतना अभिवृद्धिका लागि अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | -सिकारुलाई प्रतिवेदन प्रस्तुती गर्न लगाइ त्यसको मूल्याङ्कन ।<br>-सामुदायिक कार्य तथा परियोजना कार्यबाट प्राप्त विवरण विश्लेषण | |
| | भूगोल | -बाँसगढी नगरपालिका भि( त्रका विभिन्न क्षेत्रको भौगोलिक पक्षका सम्बन्धमा विषयवस्तु प्रस्तुति गर्न लगाउने<br>-बाँसगढी नगरपालिका भित्र भौगोलिक विविधताको अवलोकन गराई कक्षामा प्रस्तुत गर्न लगाउने ।जस्तैः | -सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, छलफल, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधि (ICT) को प्रयोग ।<br>-सामुहिक कार्य, परियोजना कार्य (अभ्यासहरु यो लिंकवाट पनि डाउनलोड गर्न सकिन्छ । https://waterconsortium.ch/blueschool/) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - बाँसगढी नगरपालिका भित्रको भौगोलिक र प्राकृतिक वस्तुस्थितिः बाँसगढीका विभिन्न क्षेत्रको भौगोलिक पक्ष, उचाइ तथा समतल फाँट, आदि नदी नाला, ताल तलाउँ, जमिन, जीवजन्तु) | -बाँसगढी नगरपालिका भित्रको भौगोलिक विविधताको पहिचान गराई ति क्षेत्रमा फल्ने अन्न बाली तथा फलफूलको बारेमा बताउन। -बाँसगढीका विभिन्न क्षेत्रको भौगोलिक पक्ष, उचाइ तथा समतल फाँट, नदी नाला, ताल तलाउँ, वन जंगल, निकुञ्ज क्षेत्रहरुको भ्रमण गराई ति क्षेत्र किन महत्वपूर्ण छ भन्न लगाउने । | | |
| २. स्थानीय पेशा,व्यवसाय, सीप र प्रविधि | स्थानीय पेसा, व्यावसाय | -एक व्यक्ति एक उद्यमः यसका लागि स्थानीय सामग्रीबाट उत्पादन गर्न सकिने एक व्यावसाय वा उद्योग निर्माणका लागि उद्यम छनाटै (दुना, टपरी, वाँसका सामग्री, काठका सामग्री अर्थात स्थानीय मूल्यनपर्ने या कम मूल्यपर्ने वस्तुहरूबाट सजावट या घरेलु उपयोगमा आउने | -अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन्न खेतीपातिमा लाग्ने रोहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ । | -कक्षा कार्य, प्रश्नोत्तर, -परियोजना तथा पयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुती आदिको आधारमा स्थानीय पेसा तथा व्यावसायको सम्बन्धमा मूल्याङ्कन गर्ने । -परियोजना कार्य प्रस्तुती मूल्याङ्कन -प्रतिवेदन प्रस्तुती मूल्याङ्कन -सामुदायिक कार्य प्रस्तुती अवलोकन । | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामग्रीहरूको उत्पादन<br>- उपयुक्त पेसा व्यावसायको छनौट र कार्यान्वयन<br>-स्थानीय पेसा व्यावसायको प्रबर्द्धन र विकासः आरन, जातो, मोही पार्ने प्रविधि, बाद्यबादन यी र यस्तै स्थानीय प्रविधिको परिचय, विकास र प्रचार प्रसार<br>-स्थानीय उत्पादन, सरंक्षण र विकास : अन्नबाली, फलफुल तरकारी उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छी पालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, घरेलु उपचार र उत्पादन गरी जीविकोपार्जन | -विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने ।<br>-स्थानीय पेसा व्यावसायको प्रबर्द्धन र विकास सम्बन्धमा सिकारुलाई स्पष्ट पार्न प्रविधि, बाद्यबादन या यी र यस्तै स्थानीय प्रविधिको परिचय, विकास र प्रचार प्रसार सम्बन्धमा विषयवस्तु प्रस्तुति, छलफल<br>-अन्नबाली, फलफूल तरकारी उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, घरेलु उपचार र उत्पादन गरी जीविकोपार्जन जस्ता विषयवस्तुलाई एकीकृत अवधारणा र STEAM Pedagogy मार्फत स्पष्ट पार्ने । | -रुजुसूची फाराम मूल्याङ्कन आदि मूल्याङ्कनका प्रक्रिया अवलम्बन गरेर अपेक्षित सिकाइ उपलब्धी प्राप्त भए/नभएको एकीन गर्ने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त नभए<br>-सुधारात्मक सिकाइ क्रियाकलाप<br>-सञ्चालन गरी पून मूल्याङ्कन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय सीप र प्रविधि | -स्थानीय प्रविधिहरूको विकास र संरक्षणमा भएका पय्रासहरू : स्थानीय स्तरमा विभिन्न क्लब<br>-संघ/संस्था र पालिकाले स्थानीय प्रविधि संरक्षणमा खेल्नुपर्ने भूमिका र गरेका कार्यहरू | -छलफल, अन्तरक्रिया, विषयवस्तुको प्रस्तुती आदिको माध्यमले स्थानीय स्तरमा विभिन्न क्लब संघ/संस्था या पालिकाले स्थानीय प्रविधि संरक्षणमा खेल्नुपर्ने भूमिका र गरेका कार्यहरूबारे स्पष्ट पार्ने । | -अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य,<br>-लिखित वा मौखिक कार्य,<br>-सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने । | ११ |
| ३. स्थानीय कला र सँस्कृति | | -हस्त कला तथा कलाघरको महत्व र पर्यटन प्रवर्धन : स्थानीय स्तरमा निर्माण गरिएका सामग्रीहरूको प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्वबाँसगढीनगरपालिमा अवस्थित प्रचुर सम्भावना बोकेका ताल तलाउ, धार्मिक स्थलको विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी । | -बाँस, पराल तथा छवालीबाट निर्माण गरिएका सामग्रीहरूको प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्वका कला विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी सम्बन्धा विषयवस्तु प्रस्तुती र छलफल गर्ने र परियोजनामा आधारित क्रियाकलापमा सिकारुलाई आवद्ध गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. धार्मिक तथा पर्यटकीय सम्पदा | स्थानीय सम्पदा | -बाँसगढी नगरपालिका भित्र रहेका ऐतिहासिक महत्व बोकेका बड्की भवानीको मन्दिर,विशेश्वर महादेवको मन्दिर, केदारेश्वर धाम लगायतका सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा<br>-बाँसगढी नगरपालिमा अवस्थित प्रचुर सम्भावना बोकेका ताल तलाउ, धार्मिक स्थलको विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी । | -क्षेत्रभ्रमण, कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै सिकारुलाई प्रष्ट्याउने<br>-बाँसगढी नगरपालिका भित्र रहेका ऐतिहासिक महत्व बोकेका धार्मिक तथा पर्यटकीय सम्पदाको विकास तथा प्रचारपसारमा नगरपालिका, लुम्बिनी प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने ।<br>-बर्दिया जिल्लामा अवस्थित सम्पदाहरूमध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख २-२ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने । | -प्रश्नोत्तर, परियोजना कार्य,<br>-लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने ।<br>-प्रविदेन प्रस्तुती मूल्याङ्कन ।<br>-रुब्रिक्स अभिलेखीकरण | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पर्यटकीय सम्पदा | -ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा संरक्षण र विकासमा नगरपालिकाद्वारा गरिएका प्रयाासहरू: बाँसगढी नगरपालिका, संघ र प्रदेश सरकारले स्थानीय सम्पदा संरक्षणमा गरेका कार्यहरूको परिचय<br>-बर्दिया जिल्लाको प्रमुख सम्पदाहरूको परिचय: जिल्ला भित्रका धार्मिक, ऐतिहासिक प्राकृतिक, सांस्कृतिक र पुरातत्व सम्पदाहरू<br>-पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरू: | -बाँसगढी नगरपालिका भित्र रहेको धार्मिक तथा पयर्टकीय महत्व ऐतिहासिक महत्व बोकेका सम्पदाहरुका सन्दर्भमा सोधखोज विधि, अध्ययन अवलोकन विधि, सामुदायिक कार्य विधि आदिको माध्यमले प्रष्ट पारिदिने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. स्थानीय जातजाति, भाषा र धर्म | स्थानीय जातजाति र भाषा | -जातजातिका मुख्य संस्कार र संस्कृतिको परिचय:विभिन्न जातजातिको मुख्य जातिगत संस्कार एवम् चालचलन र मूल्यमान्यता<br>-जातिगत भाषा र पहिरन: राजी, मुश्लिम, थारुको भाषा, संस्कारगत पहिरन र विशेषता<br>-स्थानीय लोपोन्मुख तथा सीमान्तकृत जातिगत विशेषता, दलित सशसक्तीकरण र उत्थानका अभ्यासहरू<br>-बाँसगढी नगरपालिका भित्र रहेका जात जाति ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, राजी, गुरुंग, मगरर अन्य जातिका संस्कार, चालचलन, रीतिरिवाज मूल्यमान्यता बताउन | -बर्दिया जिल्लाभित्रका जातिगत ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, राजी, गुरुंग, मगर, मुसलमान लगायतका जातजातिको संस्कार, सभ्यता, चाडपर्व, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अबलम्बन गर्न उत्प्रेरित गर्ने ।<br>-ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, राजी, गुरुंग, मगर , मुसलमान, बोटे आदिको मुख्य जातिगत संस्कार एवम् चालचलन र मूल्यमान्यता, भाषा, संस्कार, पहिरन आदिको वारेमा विषयवस्तु प्रस्तुति, छलफल, अन्तरक्रिया, अनुभव आदानप्रदान गरी प्रस्ट्याउने । | -कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुति आदि<br>-मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर एकीन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -स्थानीय लोपोन्मुख तथा सीमान्तकृत जातिगत विशेषता, दलित सशसक्तीकरण र उत्थानका अभ्यासहरूबारे सुसूचित गर्न विभिन्न विधि तथा प्रविधिहरूको उपयोग गर्ने । छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने ।<br>-अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ । | | |
| | | | -जातिगत चाडपर्व, बाजा, गीत, सँगीत, बाध्यबादन मेलापर्व, जात्रा र तिनका विशेषताहरू आदिको बारेमा आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने ।<br>-अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ । | -स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुती, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| २. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि | स्थानीय पेसा, ब्यावसाय | स्थानीय पेशा व्यावसायको विकास र आधुनिकीकरण: सामुहिक खेती, सहकारी कृषि तथा पशुपन्छी पालन, च्याउ खेती, महिला समूहबाट सामुहिक उत्पादन तथा खेती, अर्ग्यानिक खेती, कागती तथा केरा खेती तथा उद्यम विकास । | र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ ।<br>विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने ।<br>परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप ।<br>सामुदायिक कार्य<br>क्षेत्र भ्रमण तथा मामला अध्ययनको प्रयोग,<br>सोधपुछ, अन्तरवार्ता तथा अन्वेषण, फलफूलबाट जुस उत्पादन, दुधजन्य तथा मासुजन्य परिकारको निर्माण, भण्डारण र बजारीकरण , स्थानीय उद्यम विकास, विस्तार र प्रचार प्रसार सम्बन्धी विज्ञ व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा प्रयोग । | (अभ्यासहरु यो लिंकबाट पनि डाउनलोड गर्न सकिन्छ । https://waterconsortium.ch/blueschool/) | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरोकारवालाहरूसँगको प्रश्नोत्तर र प्राप्त विवरणको छलफलबाट जराबुटा कलाको पहिचान र संरक्षण तथा कलाघरको कला संरक्षणमा उपयोग र विकास सम्बन्धी विषयवस्तुको प्रस्तुती आदि । | | |
| | स्थानीय सीप र प्रविधि | स्थानीय प्रविधिको उपयोगः( ढकिया ,डोको, नाम्लो, दुना, टपरी आदिको निर्माण) अन्य आधुनिक सीप प्रवर्द्धन सम्बन्धी सीप विकास | स्थानीय प्रविधि तथा सीपको प्रयोग गरी जीवीकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर दुना, टपरी, कुचो, पिरा,ढकिया (खेर गएको प्लास्टिकका खोलको समेत) सजावट या अन्य घरेलु सामग्रीहरू निर्माणका अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । सिकारुलाई बढीमा ५ ओटा ऐच्छिक घरेलु सामग्री निर्माणको सीप विकास गराउने तर्फ योजना बनाई आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न, | अबलोकन, प्रयोगात्मक तथा परियोजना कार्य, लिखित वा मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने । | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. स्थानीय कला र संस्कृति | | हस्तकला तथा कलाघरको महत्व र पर्यटन प्रवर्धन : स्थानीय स्तरमा निर्माण गरिएका सामग्रीहरूको प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्व बाँसगढी नगरपालिमा अवस्थित प्रचुर सम्भावना बोकेका ताल तलाउ, धार्मिक स्थलको विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी । | बाँस, पराल तथा छवालीबाट निर्माण गरिएका सामग्रीहरूको प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्वका कला विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी सम्बन्धा विषयवस्तु प्रस्तुति र छलफल गर्ने र परियोजनामा आधारित त्रि( ्याकलापमा सिकारुलाई आवद्ध गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. धार्मिक र पर्यटकीय सम्पदा | स्थानीय सम्पदा | - बाँसगढी नगरपालिका भित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकीय सम्पदाको ऐतिहासिक महत्व , राष्ट्रिय महत्व बताउन<br>-बर्दिया जिल्ला र बाँसगढी नगरपालिका भित्र रहेका प्रमुख र पर्यटकीय सम्पदाको पहिचान र परिचय दिन सम्पदा र सम्पदाको संरक्षण र विकासमा तथा प्रचार प्रसारमा भएका कार्यहरुको सूचि बनाउन<br>-पर्यटकीय स्थलहरूको पहिचान र परिचय ।<br>-पर्यटकीय महत्व बाँसगढी नगरपालिमा अवस्थित प्रचुर सम्भावना बोकेका ताल तलाउ, धार्मिक स्थलको विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी । | -कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै बाँसगढीको नगरपालिका भित्र रहेका विभिन्न धार्मिक तथा पर्यटकीय सम्पदाको विकास तथा प्रचारप्रसारमा नगरपालिका, लुम्बिनी प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने ।<br>-बर्दिया जिल्लामा अवस्थित सम्पदाहरूमध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख ५-५ आटे । सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने । | -प्रश्नोत्तर, परियोजना कार्य, लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने । | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ स्थानीय जातजाति, भाषा र धर्म | स्थानीय जातजाति र भाषा | -बाँसगढी नगरपालिका र बर्दिया जिल्लाको जातिगत चिनारीः ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, राजी, गुरुंग, मगर सामान्य परिचय र जातिगत विशेषता<br>-भाषा, संस्कार र संस्कृतिः माथि उल्लिखित जातजातिको भाषा, संस्कार, संस्कृति र मूल्यमान्यता<br>-जातिगत उत्थानः लोपोन्मुख, सीमान्तकृत, राजी, बोटे तथा पछि परेका र पछि पारिएका जातजाति उत्थानका उपायहरू<br>-बाँसगढी नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जनजातिले मान्ने धर्म र ति धर्म मान्ने मानिसले मनाउने चाडपर्डको बारेमा बताउन । | -बर्दिया जिल्लाको जिल्लाभित्रका ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, मगर, गुरुंग राजी, बोटे जात जातिको सामान्य परिचय र जातिगत विशेषता सम्बन्धी विषयवस्तुको प्रस्तुति ।<br>-संस्कार, सभ्यता, चाडपर्व, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुती तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अबलम्बन गर्न उत्प्रेरित गर्ने । परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप मार्फत लोपोन्मुख,सीमान्तकृत तथा पछि परेका र पछि पारिएका जातजाति उत्थानका उपायहरूको प्रस्तुती । | -कक्षा कार्य,<br>-परियोजना कार्य,<br>-लिखित वा मौखिक प्रस्तुती आदि मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. स्वास्थ्य र योग | स्वास्थ्य र योग | -स्वस्थ जीवनका लागि स्वउपचार पद्धति: स्वास्थ जीवनका लागि स्वउपचार, योग र अन्य राम्रा अभ्यासहरुको अनुशरण र प्रयोग<br>-सरसफाइ: सरसफाइ र फोहोरमैला व्यवस्थापनका दिर्घकालीन योजना र योगका विभिन्न अभ्यास।<br>-सरसफाइ, फोहोरमैला व्यवस्थापन र योग: पानीका स्रोतहरुमा फोहोरमैला तथा ढल निकासी विरुद्धको अभियान, हरित विद्यालय, हरित घर र हरित वातावरणको व्यवस्थापन साथै विभिन्न योग सम्बन्धी व्यवस्था<br>-स्थानीय स्वस्थ्य सम्बन्धी अभ्यास र योग: खाद्य पदार्थ निर्माण गर्ने परम्परागत सिप तथा तरिकाको पहिचान र प्रयोग।<br>-जंकफुड नियन्त्रणका उपायहरु: घर तथा विद्यालयमा जंकफुड निषेध गर्ने तथा घरमा निर्माण गरिएका पोषणयुक्त खानेकुराहरुको प्रयोग गर्ने अभियानमा शिक्षक, अभिभावक र स्थानीय सरकारको भूमिका।<br>-स्थानीय स्तरका खेलहरुको अभ्यास | -स्वस्थ जीवन यापनका राम्रा अभ्यासहरुको अनुशरण र प्रयोग सम्बन्धमा अभ्यासात्मक क्रियाकलाप सञ्चालन गर्ने।<br>-सार्थक अन्तर्क्रियाको माध्यमले सरसफाई र फोहोरमैला व्यवस्थापनका दिर्घकालीन योजनाबारेमा बताइ दिने।<br>-परियोजना मार्फत पानीका स्रोतहरुमा फोहोरमैला तथा ढल निकास विरुद्धको अभियान, हरित विद्यालय, हरित घर, हरित वातावरणको अवधारणा बारे स्पष्ट पार्ने।<br>-स्थानीय जानकार तथा अनुभवी व्यक्तिहरुलाई स्रोत शिक्षकको रुपमा प्रयोग गरि रैथाने उपचार पद्धतिबाट हुने फाइदाहरु, यसमा प्रयोग गरिने पशुजन्य, जीवजन्य तथा प्रकृतिबाट हुने फाइदाहरु, यसमा प्रयोग गरिने पशुजन्य, जीवजन्य तथा प्रकृतिजन्य वस्तुहरुको पहिचान र नियमसँगत प्रयोग बारे सिकारुहरुलाई स्पष्ट पारिदिने।<br>-स्थानीय स्तरका खेलहरुको नियम सहितको अभ्यास गराउने। | -परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया<br>-व्यवहार अवलोकन या अन्य उपयुक्त विधि मार्फत पोषण र खानपान सम्बन्धी अपेक्षित सिकाई उपलब्धि सिकारुमा प्राप्त भए या नभएको एकीन गर्ने।<br>-आवश्यकता अनुसार लिखित वा मौखिक मुल्याङ्कन प्रक्रियालाई पनि उपयोगमा ल्याउन सकिन्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटी | स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटी | -बर्दिया जिल्लाको वन्यजन्तु, वनस्पति र जडीबुटी गत चिनारीः बाघ, हात्ती, चित्तल, बदेल, निलगाइ, सामान्य परिचय र जातिगत विशेषता, हर्रो, बर्रो, अमला जस्ता वनस्पतिको परिचय र त्यसबाट बन्ने जडीबुटीका परिचय तथा जातिगत विशेषता ।<br>-स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटीगत उत्थानः लोपउन्मुख संकटापन्न, बाघ, चित्तल, हर्रो, बर्रो, अम्ला, तथा यहा नभएका जडीबुटी उत्थानका उपायहरु ।<br>-स्थानीय स्तरका वन्यजन्तु, वनस्पति र जडीबुटीः | -बर्दिया जिल्ला भित्रका स्थानीय वन्यजन्तु, वनस्पति र जडीबुटी (बाघ, हात्ती, बदेल, चित्तल, निलगाइ), (हर्रो, बर्रो, अमला, खैर) जस्ता जडीबुटी जन्य वनस्पति र वन्यजन्तुका सामान्य परिचय र जाति तथा प्रजातिगत विशेषता सम्बन्धी विषयवस्तुको प्रस्तुती ।<br>-स्थानीय वन्यजन्तु पाउने स्थान, वासस्थल, रंग, अवस्था, वनस्पतिगत पहिचान गरी बन्न सक्ने जडीबुटी समेत समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुती तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट वन्यजन्तुगत, वनस्पतिगत र जडीबुटीगत संरक्षण तथा प्रबर्धनका उपायहरु अवलम्बन गर्न उत्प्रेरित गर्ने ।<br>-परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप मार्फत लोपोन्मुख, अतिसंकटमा परका र नासिएका वन्यजन्तु, वनस्पति र जडीबुटी उत्थानका तथा संरक्षणका उपायहरु प्रस्तुती । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | स्थानीय संघ संस्था, जनप्रतिनिधि र सेवा प्रवाह | -बाँसगढी न.पा.का संघ संस्थाको परिचयः संघ संस्थाको नाम, कार्य क्षेत्र, क्षेत्रगत योगदान, सुधारका पक्ष, अवस्था<br>-संघ संस्थाको संक्षिप्त परिचयः यस न.पा.मा सहयोगी संघ संस्था संख्या, योगदान, सेवा क्षेत्र, संघ संस्थाले गरेको सामाजिक परिवर्तनहरु ।<br>-संघ संस्थाले सेवा प्रवाहमा खेलेको भूमिका, सेवाः समाज रुपान्तरण, जातिगत, क्षेत्रगत, स्थलगत रुपान्तरणमा गर्ने उपायहरुको खोजी र सेवा प्रवाहमा विशेष भूमिका<br>-बाँसगढी न.पा.का जनप्रतिनिधिको परिचयः प्रमुख, उपप्रमुख, वडा अध्यक्ष साथै अन्य सदस्य र प्रतिनिधिहरुको नाम, योगदान, न.पा. भित्र गरेका विकासका कार्यहरु साथै सेवाहरु<br>-प्रतिनिधिको संक्षिप्त परिचयः यस न.पा.मा जनताको अमूल्य मत प्राप्त गरी विजय भएका प्रतिनिधिहरु संख्या, योगदान, सेवा, समाजिक परिवर्तन । | -बाँसगढी न.पा.मा रहेका संघ संस्थाको परिचयः संघ संस्थाको नामाकरण, सेवा क्षेत्र, योगदान, समाजमा परेको सकरात्मक प्रभाव जस्ता अवस्थाको बारेमा सन्दर्भ सामाग्री द्वारा विषयवस्तुको प्रस्तुतीकरण<br>-परियोजना र थप पाठ्यसामाग्रीको सहायताले बाँसगढी न.पा.को संक्षिप्त परिचय, यहा अवस्थित संघ संस्था संख्या, योगदान सेवा क्षेत्र, समाजमा परेको सकारात्मक प्रभाव बारे स्पष्ट पारिदिने<br>-संघ संस्थाले गर्न खोजेको काम विवेकशील तरिकाले प्रयोग गर्ने उपायको खोजी र योगदान सेवा जस्ता विषयवस्तुको प्रस्तुती तथा छलफल र अन्तर्क्रिया । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.विपद व्यवस्थापन | विपद व्यवस्थापन | -विपद् न्यूनीकरण र व्यवस्थापनः न्यूनीकरणका लागि स्वास्थ्य र सुरक्षाका उपायहरुको अवलम्बन, कोरोना, अन्य महामारी तथा विभिन्न खालका विपद व्यवस्थापनमा ध्यान दिनुपर्ने ।<br>-विपद् व्यवस्थापनका उचित अभ्यासहरुः चटयाङबाट बच्ने, बाढीपहिरो तथा रोगव्याधी, भुकम्प जस्ता विपदहरुबाट बच्न र विपद व्यवस्थापन गर्न अपनाउनुपर्ने उपायहरुको खोजी र प्रयोग ।<br>-सुरक्षित स्थानमा बसोवासः घर, विद्यालय, समुदायलाई सामुहिक र सुरक्षित स्थानमा सुरक्षित रहन र सुरक्षाका उपायहरु अपनाउन ।<br>-विद्यालय सुरक्षितः विद्यालयमा स्थापित विभिन्न संरचना साथै घर र छिमेकका व्यक्ति तथा स्थापित संरचना र अन्य संरक्षण र सुरक्षाका लागि अपनाउनुपर्ने व्यावहारिक उपायहरुको खोजी र प्रयोग । | -विपद् न्यूनीकरणका लागि स्वास्थ्य र सुरक्षाका उपायहरुको अवलम्बन, कोरोना, अन्य महामारी तथा विभिन्न खालका विपद व्यवस्थापनमा ध्यान दिनुपर्ने उपायहरुको बारेमा सिमुलेसन, प्रश्नोत्तर, प्रयोगात्मक कार्य, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>-सान्दर्भिक विषयवस्तुको प्रस्तुती गर्दै चट्याङबाट बच्ने, रोगव्याधी तथा बाढिपहिरो, डुबान, भूकम्प जस्ता विपदहरुबाछ बच्न र विपद व्यवस्थापन गर्न अपनाउनुपर्ने उपायहरुको खोजी र प्रयोग गर्न उत्प्रेरित गर्ने ।<br>-सामुदायिक कार्य, क्षेत्र भ्रमण, भिडियो फुटेज तथा अन्य सामाग्रीहरुको प्रस्तुती गर्दै विपद व्यवस्थापनका रैथाने अभ्यासहरु बारे सिकारुलाई सुसुचित गर्ने ।<br>-घर, विद्यालय, समुदाय सुरक्षाका लागि अपनाउनु पर्ने व्यवहारिक उपायहरुको खोजी र प्रयोग सम्बन्धी विषयवस्तु बारे स्पष्ट पार्न सकिन्छ । | -कक्षा कार्य, प्रश्नोत्तर, सिकारुको व्यवहार प्रदर्शन<br>-लिखित वा मौखिक जानकारी आदिको माध्यमले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।<br>-परियोजना कार्य मार्फत प्राप्त विवरण मूल्याङ्कन आदि । | |

## सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय बस्तुस्थितिको बस्तुनिष्ठाको आधारमा तयार गरिने पाठ्यक्रम हो । एउटै नगरपालिकामा पनि स्थानीय विषयवस्तुहरुको परिवेश र सन्दर्भहरुमा समानता हुदैन । स्थानीय विषयको लागि पाठ्यपुस्तकको कल्पना गर्न सहज हुदैन यद्यपि विषय वस्तुसँग जोडिएका विभिन्न सन्दर्भ पुस्तकहरुलाई उपयोगमा भने ल्याउन सकिन्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको धरातलमा यसको सिकाइमा सहजीकरण गर्नुपर्ने भएकाले एउटै विधि वा सिकाई क्रियाकलापहरु स्थानीय पाठ्यक्रममा सान्दर्भिक र बस्तुनिष्ठ तवरले ठीक हुन्छन जस्तो लाग्दैन । यस सन्दर्भमा पनि भौतिक, सामाजिक र वातावरणीय परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त हुन्छ, स्थानीय पाठ्यक्रमको सिकाई सहजीकरणको विषयमा । स्थानीय पाठ्यक्रम वा बिषय पढ्ने र पढाइने भन्दा पनि गर्ने र गराइने हो जस्तो लाग्छ । यो स्थानीय, वस्तुनिष्ठ र परिस्थिति सापेक्ष हुनुपर्दछ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । एउटै नगरपालिकाको विभिन्न क्षेत्रको बस्तुस्थितिको यर्थाथता पनि फरक हुन सक्ने भएकाले स्थान विषेश यसका क्रियाकलापहरु पनि फरक फरक हुन सक्छन् । कुनै पनि विषय वस्तुको प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापका लागि आवश्यक शैक्षणिक योजना निर्माण र त्यसको कार्यान्वयनको पाटोमा निर्भर पर्दछ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट वा तोकेका विषयवस्तु र क्षेत्रसँग सम्बन्धित भई विभिन्न सिकारु केन्द्रित क्रियाकलापहरु, परियोजना कार्यहरु र सामुदायिक कार्यहरुलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुन पर्छ भन्दा उपयुक्त हुदैंन तथापि शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरु सञ्चालन सहज रुपले गर्न सकिन्छ ।

**प्रदर्शनः**

शिक्षक, विद्यार्थी र सरोकारवालहरुबाट विभिन्न सामाग्रीहरु संकलन गरेर, विभिन्न कृषि वा हाट बजार, व्यापारिक मेला, साँस्कृतिक मेला वा पर्वहरु आदिमा सहभागी गराएर गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यसका बारेमा छलफल गर्ने जस्ता कृयाकलापहरु प्रदर्शन विधिमा गर्न सकिन्छ । समय र आवश्यकता अनुसार वास्तविक घटना या अन्य गतिविधिहरु अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिलिम फुटेज, चित्र, तस्वीर तथा श्रव्य, दृश्य, श्रव्य दृश्य सामग्री, मोवाइलमा रेकर्ड वा भिडियो खिचेर पनि सिकारुहरुलाई प्रदर्शन गर्न सकिन्छ , जसले गर्दा विषयवस्तुको बारेमा अझ थाप स्पष्ट पार्न सकिन्छ ।

उदाहरणका लागि तपाइको घरमा के के अन्नबाली छन् ?
भिडियोमा देखाएका बालीहरु कसकसको घरमा छन् ?
तपाइको घरमा भएको तर छिमेकीको घरमा भएको अन्नबाली के होला ?
तपाइको गाँउ वा टोलमा कुन धार्मिक मन्दिर वा चर्च छ ?

**सहभागिताः**

गरेर सिक Learning by doing विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा सिकारुको जिम्मेवारी बढ्छ, तसर्थ विभिन्न कार्यक्रमहरुमा विद्यार्थीहरुलाई सहभागी गराउनु पर्छ । यसो गर्दा सिकारुहरुले हेरेर र गरेर धेरै कुराहरु गर्न सक्छन् ।

एउटी बुढी आमाले सहरमा बाटो काट्न नसकेको तपाइले देख्नुभयो भने के गर्नुहुन्छ ?
अपाङ्ग भएका व्यक्तिलाई हामीले कस्तो व्यवहार गर्नुपर्छ ?

**छलफल/प्रश्नोतरः**

विभिन्न विषयमा छलफल गर्नका लागि के के बुदाँमा छलफल गर्ने हो र छलफल पश्चात के कस्ता प्रश्नहरु सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल संचालन गर्दा उपयुक्त हुन्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीको बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने हो भने तलका जस्ता बुँदाहरुमा छलफल चलाउन सकिन्छ ।

तपाइको परिवारमा कति जना हुनुहुन्छ ?
तपाइलाई मन पर्ने तरकारीको नाम के हो ?
तपाइको बुबाले के काम गर्नु हुन्छ ?
त्यो कुन पेशा अर्न्तगत पर्छ ?
पत्रुखानाले हाम्रो स्वाथ्यमा के कस्तो असर पार्छ ?
किन स्थानीय स्तरमा निर्मित घरमा बनाएको पोषणयुक्त खाजा र खाना खानु पर्छ ?

**परियोजना कार्यः**

अभ्यासको महत्वपूर्ण अङ्गको रुपमा आधुनिक शिक्षण सिकाइ पद्धतिमा परियोजना कार्यलाई मान्ने गरिन्छ । परियोजना कार्य एउटा निश्चित ढाँचा वा खाका तयार पारेर सम्पन्न गर्नु पर्छ । परियोजना खाका भन्नाले के कार्य गर्ने, किन गर्ने, कसरी गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरु कार्य गर्नु पूर्व नै सोच्नुपर्छ । परियोजना कार्य मार्फत विद्यालयमा किन्डर गार्डेन निर्माण, स्थानीय प्रविधिको प्रयोग, तरकारी एवं फलफूल खेती, स्थानीय समानहरुको निर्माण र प्रदर्शन जस्ता कामहरु गर्न र गराउन सकिन्छ ।

**अवलोकन भ्रमण र अभ्यासः**

विद्यार्थीहरुलाई विभिन्न कुराहरुको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । धार्मिक स्थल, नदी, नाला, प्राकृतिक सम्पदा, साँस्कृतिक स्थान आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात विद्यार्थीहरुले बुझेका र सिकेका कुराहरुलाई समूहमा प्रस्तुत गर्न लगाउदा उनीहरुको व्यक्तित्व विकास पनि सँगसँगै हुन जान्छ ।

**भूमिका निर्वाह तथा नाटकीकरण विधिः**

स्थानीय पाठ्यक्रमा उल्लेखित विषयवस्तुको बारेमा विद्यार्थीहरुलाई स्पष्ट पार्न सिकारु स्वयंलाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यस कार्यको लागि विद्यार्थीहरुलाई विभिन्न भूमिका निर्वाह गर्ने बातावरण दिइनु पर्दछ । अपाङ्ग मैत्री व्यवहार गर्न कुनै विद्यार्थीलाई अपाङ्गको भूमिका गर्न लागाउने र अरुलाई अपाङ्गलाई सहयोग गर्ने भूमिका दिएर यस्ता विधिहरुलाई शिक्षण सिकाई क्रियाकलापमा प्रयोग गर्न सकिन्छ । यसै गरी सकारात्मक व्यवहार प्रदर्शन, बयोबृद्धाहरुलाई सम्मान गर्ने खालका नाटक तयार गरेर पनि सिकारुहरुलाई विषयवस्तुका बारेमा स्पष्ट पार्न सकिन्छ ।

**अभिभावकीय संलग्नताः**

शिक्षकहरुले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुहरुको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तित लिखित या मौखिक तवरले सहजीकरण गरेर मात्रै पुग्दैन । सिकारुको घरको वाताबरण, अभिभावकको सहयोग वा सद्भाव र निर्देशनबाट सिक्ने गर्दछन् । यस सन्दर्भमा सिकाई सहजीकरण अभिभावकको संलग्नतामा सहज हुन्छ । अभिभावको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोगितामा ल्याउन सकिन्छ ।

**प्रविधियुक्त कक्षाः**

विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धी प्राप्त गराउनका लागि आवश्यकता अनुसार मोबाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरुको समुचित प्रयोग गरी धारणहरुको दृश्याङ्कन गर्न सकिन्छ ।

**कथा कथन वा गीत/संगीत विधिः**

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धी तथा पाठ्यक्रममा समेटिएका विषयवस्तुको जग वा मर्ममा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा सँगीतको माध्यमबाट पनि सिकाइलाई सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धी प्राप्तिमा सहज हुनुका साथै विषयवस्तुको धारणालाई समेत अझ थप स्पष्ट पार्न सकिन्छ ।

**अन्वेषण, अनुसन्धान तथा खोज विधिः**

विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिदैं समस्या वा प्रश्नको प्रस्तुती गरिने क्रियाकलाप, निकालिने निष्कर्ष र सञ्चालन गरीने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुहरुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापहरुमा सहभागी गराउन सकिन्छ ।

**अन्य सार्न्दभिक सिकाइ सहजीकरण विधिहरू:**

आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि जस्ता सार्न्दभिक विधिहरुलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धी, समय सन्दर्भ र परिवेशको आधारमा सिकाई सहजीकरण गर्न सकिन्छ। सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य कारण भनेकै विद्यार्थीले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकून् भन्ने हो ।

## सिकाइ सहजीकरण विधी तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने बुँदाहरू

स्थानीय पाठ्यक्रम वा स्थानीय विषय लोकल परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरुको सँगालो भएकाले अन्य विषयहरु जस्तो तोकिएको पाठ्यपुस्तक वा कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर राख्दै स्थानीय विषय पठनपाठन गर्नु र गराउनु पर्ने भएकाले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन्छ। सम्बन्धित विषय क्षेत्रमा मेल खाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनु पर्ने केही मुख्य बुँदाहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**शिक्षकको योग्यता, क्षमता र रूचिः**

स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामाग्रीद्धारा पठनपाठन गर्नुपर्ने भएकाले शिक्षक योग्य भएर मात्र पुग्दैन । उसले आत्मविश्वासका साथ आवश्यक विधि र प्रविधिको सामाञ्जस्यता कायम गरी शिक्षण सामाग्रीको व्यवस्थापन गर्न सक्नु पर्छ। लगनशील र पेशागत भएर इमान्दारपूर्वक आवश्यक सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सकिने भएकाले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा समय सान्दर्भिक तालिम र शैक्षणिक कलाको व्यवस्था गर्नु पर्ने हुन्छ।

**स्रोत साधनको उपलब्धताः**

स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको आधारमा आर्थिक, मानवीय, भौतिक एवम स्थानीयताको दृष्टिकोणले मेलखाने वा उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ।

**विषयवस्तु तथा सिकाइ उपलब्धिः**

स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत, एकाइगत तथ पाठगत विषयवस्तु तथा अपेक्षित सिकाई उपलब्धिसँग मेल खाने, सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनु पर्दछ। स्थानीय सिप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा विद्यार्थीलाइ व्याख्यान वा बिश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सिप विकास गर्न सकिन्न। जसको लागि

प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरु आवश्यक हुन्छन् ।

**विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिः**

विद्यालयको बातावरण, सिकारु तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरुको छनौट र उपयोगलाई मनन गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ। शिक्षालयमा के कस्ता शैक्षिक सामाग्रीहरु उपलब्ध छन् ? अन्य थप सामाग्रहरु स्थानीय स्तरबाट उपलब्ध गराउन सकिन्छ कि सकिदैन । शिक्षण सिकाइमा विद्यालयको कस्तो परिस्थिति छ जस्ता कुराहरुको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा संचालन गर्न सकिन्छ ।

**बालमनोविज्ञानः**

पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतीबाट सिकिरहेका सिकारुहरुलाई स्थानीय पाठ्क्रमविना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुन सक्छ। यस्तो अवस्थामा पहिला विद्यार्थीको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकुलको स्थानीय विषय शिक्षण गर्दा विद्यार्थीको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृति आदिलाई ध्यान दिइ सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनु उपयुक्त होला ।

**स्थानीय परिवेश, सन्दर्भ र प्रसङ्गः**

स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसँग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वाताबरण अनुकूल शिक्षण विधि र प्रविधिको चयन गरी सिकाइ सहजीकरण गर्न सकिने भएकाले स्थानीय परिवेश र सन्दर्भलाई पनि विषेश ध्यान दिन आवश्यक छ ।

**मूल्याङ्कन प्रणाली**

